# भूमिअधिकार

वर्ष १०, पूर्णाङ्क २८, चैत २०६८



• संविधानमा भूमिअधिकार अभियान • लागिपरे हुँदोरहेछ • परिवर्तका लागि सिकाईको उपयोग

# सुरक्षित बास सबैलाई
# खेतीयोग्य जमिन
# किसानलाई






CSRC
आत्मनिर्भर केन्द्र



जागरुक जनता ९


संविधानमा भूमि सुधार समावेश गराउन गरिबहरूको देशव्यापी अभियान ........ ३
पछाडि हट्दैछन् दलहरू ........ १३
भूमि सिकाई केन्द्र र हिंसापीडित गाउँले महिला ........ १५
नयाँ संविधानमा भूमि सुधार नीतिमाथि बहस ........ १६
खाद्य सङ्कट र सुधारवादी हस्तक्षेपमा प्रश्न ........ १८
परिवर्तनका लागि सिकाईको उपयोग ........ २०
संविधानमा भूमि अधिकार ........ २१
भूमिलाई अधिकारसँग जोडेर हेर्दा ........ २२
जोताहा मोहीहरूको घोषणापत्र ........ २४
बेदर्तावाल मोहीको चित्कार ........ २४
जनमुखी शिक्षाविना सभ्य र समृद्द समाज सम्भव छैन ........ २५
संयूक्त पूर्जाले खुसीयाली ........ २५
कसरी सिर्जना भयो सोमालियामा भोकमरी ? ........ २६
होण्डुरसकी महिलाको हृदयको आवाज ........ २८
संविधानमा भूमि सुधार ........ २९
आफ्नैमा बस्नुको मजा ........ ३१


## १० पाथी कोदोले घरखेत लग्यो



साभार: कान्तिपुर दैनिक

30

# भूमिअधिकार


वर्ष १०, पूर्णाङ्क २८, २०६८ चैत (March 2012)

सम्पादन : आत्मनिर्भर सेवा केन्द्र
डिजाइन : महेश्वर फुयाल

प्रकाशक:
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
पो.ब.नं : १९७९०, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४३६०४८६, ४३५७००५
फ्याक्स : ४३५७०३३
E-mail : landrights@csrcnepal.org
Website : www.csrcnepal.org

## सम्पादकीय

# भूमि सुधार संविधानमै लेख

भूमि अधिकारबाट वञ्चितहरुले पटकपटक गाउँदेखि सिंहदरबारसम्म खेतीका लागि जमिनको व्यवस्था गर्न आवाज उठाइरहेका छन् । धर्ना, जुलुस, घेराउ, अनसन जस्ता सबै प्रयास यसका लागि उनीहरुले अपनाइसकेका छन् । र, यसबीचमा धेरै पटक सरकारले माग पूरा गरिदिने आश्वासन पनि दिइसकेको छ ।

र, पछिल्लो पटक दलहरुले नयाँ संविधान बन्दै गरेकाले भूमिहीन र साना किसानको समस्या त्यसैमा सम्बोधन गर्ने आश्वासन दिएर त्यतिन्जेलका लागि पर्खन भने । नभन्दै सोझा जनता हो त नि भनेर चूपचाप बसे । अनि संविधान चाँडोभन्दा चाँडो बनाउने कार्यका लागि दबाव दिनमै केन्द्रित रहे ।



तर विडम्बना, अहिले भूमि सुधारको व्यवस्था संविधानमा उल्लेख नहुने सम्भावना बढेर गएको छ । त्यतिमात्र हैन, जमिनमा हदबन्दी लगाउने विषयसमेत छायाँमा परेको छ । अनि हदबन्दी लगाइहाले पनि त्यसभन्दा बढी जमिनको क्षतिपूर्ति दिनेबारे बहस अघि बढिरहेको छ । यस्तो अवस्थाले भूमि सुधार हुने कुरामै शङ्का उत्पन्न भएको छ ।

**संविधानको ढोका बन्द भएपछि पछुताउनु भन्दा पहिले नै भूमि सुधार गर्न सकिने प्रावधान संविधानमा राख्नेबारे सबैले सोचून् ।**

यही अवस्थाले भूमिहीन र गरिब किसानलाई फेरि एकपटक ताल्न बाध्य पारेको छ । यही क्रममा उनीहरु अहिले देशव्यापीरुपमा आन्दोलित छन् । भूमि सुधार गर्ने कुरा संविधानमै निश्चित गरिनुपर्ने, हदबन्दी लगाइनुपर्ने र हदबन्दीभन्दा बढी जमिन विनाक्षतिपूर्ति खोसिनुपर्ने माग राख्दै उनीहरु आन्दोलनमा होमिएका हुन ।

यस क्रममा उनीहरुले जिल्ला प्रशासन कार्यालयहरु घेर्ने र प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधान मन्त्रीलाई ज्ञापनपत्र पठाउने, सभासद्हरुलाई चिठी पठाएर यसबारे स्मरण गराउने, प्रत्यक्ष फोन सम्वाद गर्ने, शहर बजारमा भित्तेलेखन गर्ने, चोक र मानिसको बढी आवत्जावत् हुने ठाउँमा ब्यानर टाँग्ने, गाउँगाउँ पुगेर यो अभियानबारे चेतना वृद्धि गराउने कार्य गरिरहेका छन् ।

आन्दोलन रहरले हुँदैन, बाध्यताले गरिन्छ । त्यसैले पटकपटकको आश्वासन रद्दीको टोकरीमा फ्याँकिएपछि अहिले भूमि अधिकारबाट वञ्चितहरु बाध्यतावश आन्दोलनमा होमिएका हुन । मानिसलाई पटकपटक आन्दोलनमा होमिन बाध्य पारिनुको परिणाम कहालिलाग्दो हुन सक्छ । शान्तिपूर्ण बाटोबाट समस्या समाधान नहुने देखेपछि ऊ हिंसात्मक बाटो रोज्न बाध्य हुन सक्छ । त्यसैले भूमिहीन गरिबका आन्दोलनप्रति सरकार र खासगरी सभासद्हरुले बेलैमा ध्यान दिनु जरुरी छ ।

संविधानमा भूमि सुधारको प्रावधान राख्नेतर्फ सभासद्हरुले ध्यान दिनैपर्छ । सभासद्हरुको यो दायित्व पनि हो । अर्कोतर्फ आफू जन्मेको मुलुकमा वसोबास र गरिखानका लागि जमिन माग गर्नु भूमिअधिकारबाट बञ्चितहरुको अधिकार पनि हो । संविधानको ढोका बन्द भएपछि पछुताउनु भन्दा पहिले नै भूमि सुधार गर्न सकिने प्रावधान संविधानमा राख्नेबारे सबैले सोचून् ।



# सविधानमा भूमि सुधार समावेश गराउन गरिबहरुको देशव्यापी अभियान

"भूमि अधिकारबाट वञ्चितहरुलाई राम्रैसँग थाहा छ कि सविधान बनाउने काम यी कार्यालयहरुको हैन । अनि यी अड्डाले चाहेका कुरा सविधानले समेट्ने पनि हैन ।"

प्रधान मन्त्रीज्यू,

हामी दिनरात खेतबारीको काममा खट्छौं र अन्न उत्पादन गर्छौं तर त्यो अन्न साहूको भकारीमा जान्छ । हाम्रा बालबच्चाले पेटभर खान पाउँदैनन् । हामीले तीन पुस्तादेखि यो जमिन जोतिरहेका छौं तर यसको एक टुक्रामा पनि हाम्रो स्वामित्व छैन । यस्तो अवस्थाले हामी पुर्खे भूमिहीन बन्न बाध्य छौं । हामीले भूमि अधिकार प्राप्तिका लागि धेरै आन्दोलन गऱ्यौं तर ती सबै आन्दोलनले आश्वासनबाहेक केही दिएनन् । हाम्रा समस्या समस्यामै सीमित रहे ।

बन्दै गरेको संविधानमा पनि हामी भूमिहीनका समस्या नराखिने भएको छ रे । यसले हामीलाई चिन्तित बनाएको छ । हामीलाई भूमिहीनताबाट

**बालबच्चाको पेट भोको राखेर हामी सधैं तपाईहरुको सुख, सुविधाका लागिमात्र खटिरहन पनि सक्दैनौं । त्यस्तो अवस्थामा निम्तिने अवस्थाको जिम्मेवारी हामीले लिने कुरा पनि आउँदैन ।**

मुक्त गराउने आश्वासन दिएर मत लिनुभएका सभासद्हरुले किन यस्तो गरेका हुन बुझ्न सकिएको छैन । त्यसैले अब बन्ने संविधानमा भूमिहीन, बेदर्तावाल मोही, गुठीपीडित, हलिया, चुरेपीडित, मुक्त कमैया, हरुवाचरुवा, बालिघरे जस्ता समस्यासँग सम्बन्धितहरुका समस्या समाधान हुनेगरी भूमि सुधारको प्रावधान राखिनुपर्छ ।

अन्यथा यो संविधान हाम्रा लागि बन्नु र नबन्नुको अर्थ हुने छैन । मुलुकका लाखौं भूमिहीनका समस्या थाँती राखेर तपाईंहरुले बनाउन खोज्नुभएको नयाँ नेपाल बन्दा पनि बन्दैन । बालबच्चाको पेट भोको राखेर हामी सधैं तपाईंहरुको सुख, सुविधाका लागिमात्र खटिरहन पनि सक्दैनौं । त्यस्तो अवस्थामा निम्तिने अवस्थाको जिम्मेवारी हामीले लिने कुरा पनि आउँदैन । तर पनि हामी चाहन्छौं कि यस्तो अवस्था नआओस् । यसतर्फ सचेत र सतर्क हुँदै भूमि सुधार गर्ने व्यवस्था संविधानमै मिलाउन आग्रह गर्दछु ।

**उही तपाईंकै आश्वासन कार्यान्वयन हुने दिन कुरेर बसेकी पार्वती राजी, बर्दिया**

## चिठीपत्र

पार्वती राजी मात्र हैन, माघ र फागुन हजारौं भूमिहीन र साना किसानले यसैगरी पत्र लेख्दैमा बिताए । उनीहरुले आफ्नो क्षेत्रबाट जिताएर पठाएका सभासद्लाई मात्र नभई प्रधान मन्त्री, सभामुख तथा प्रमुख दलका शीर्ष नेताहरुलाई समेत यस्तो खबरदारी चिठी पठाए । कसैले चिनेजानेका व्यक्तिको हातमा पठाए । कसैले स्थानीय दलका नेतामार्फत् । कतिपयले गाउँ वा

## प्रशासन र मालपोत कार्यालयहरुमा धर्ना

संविधानमा भूमि सुधार उल्लेख गराउन दबाव दिने क्रममा भूमिहीनले देशव्यापीरुपमा गरेका अर्को काम थियो- जिल्ला प्रशासन र मालपोत कार्यालय धर्ना । यही क्रममा उनीहरुले हजारौंको सङ्ख्यामा पुगेर यी कार्यालयमा धर्ना दिए । नारा लगाए । अनि भूमि सुधार प्रावधान नराखिएको संविधान नस्वीकार्ने चेतावनी पनि दिए ।

भूमि अधिकारबाट वञ्चितहरुलाई राम्रैसँग थाहा छ कि संविधान बनाउने काम यी कार्यालयहरुको हैन । अनि यी अड्डाले चाहेका कुरा संविधानले समेट्ने पनि हैन । तर सबै जिल्लाका यस्ता कार्यालयहरुमा यसरी दिइएको धर्नाले देशव्यापी ध्यानाकर्षण गराउने तथा उनीहरुले मन्त्रालयसम्म यो सूचना पुऱ्याउने भएकाले त्यसो गर्नु आवश्यक ठानिएको थियो । यसो गर्दा सर्वसाधारणसमेत प्रभावित हुने भएकाले भूमिहीनका पीडा उनीहरुसम्म पुग्ने अपेक्षा पनि गरिएको थियो । जसलाई सञ्चार माध्यमले समेत प्रचारप्रसारको उपयुक्त माध्यम बनाउँथे । त्यसैले गरिबमाथि परेको पीडा र मर्कालाई सार्वजनिकीकरण गरी त्यसमार्फत् भूमि सुधारको औचित्य साबित गराउने प्रयास पनि थियो यो ।

मालपोत कार्यालय घेराउका क्रममा भूमिहीनले प्रमुख जिल्ला अधिकारी र मालपोत प्रमुखलाई ज्ञापनपत्रसमेत बुझाएका थिए । जसमा भूमिहीनका पीडा र मालपोत जस्ता भूमि अड्डा अनि सरकार र दलहरुले गर्नुपर्ने काम उल्लेख थिए । यसले एकातिर समस्या उजागर गर्न सघाएको छ भने अर्कोतिर समस्या समाधानका लागि लाग्न दबाव र प्रेरणासमेत प्राप्त भएको छ । यस्तो अवस्थामा जिल्ला कार्यालयदेखि मन्त्रालयसम्म दबाव महसुस हुने अपेक्षा पनि गरिएको छ ।

दाङमा भूमिसम्बन्धी समस्याका रुपमा सुकुम्बासी, मोही, बेदर्तावाल मोही र गुठीको समस्या छ । सुरक्षित बास सबैलाई, खेतीयोग्य जमिन जोताहा किसानलाई भन्ने मूल नाराका साथ अभियान





जिल्लाकै कार्यक्रममा आइपुगेका बेला यस्तो चिठी थमाए । अनि धेरैले चाहिँ हुलाकमार्फत् । ताकि सामान्य चिठी जस्तो यो बाटैमा हराउन नपाओस् ।

एक हैन, दुई हैन, दर्जनौं भूमिहीनको पत्र छन् यतिखेर सभासद्हरुका हातमा । तर सबैको बेहोरा भने उस्तै छ- हामी पूर्खौंदेखि माटोमा दश नङ्ग्रा खियाइरहेका छौं तर त्यही माटो कहिल्यै हाम्रो भएन । जसलाई हामीले खेती गरेर वर्षौंदेखि पाल्यौं, ठूला मानिस बनायौं, उनीहरु नै कहिल्यै हाम्रा भएनन् । हुँदाहुँदा आफ्नो ठानेर आफैंले मत दिएर पठाएका सभासद्समेत आफ्नो नहुने अवस्थाले हामी निराश बनेका छौं । आखिर कहिलेसम्म सहनुपर्ने हो हामीले ?

भूमि अधिकार मञ्च क्रियाशील रहेका ५० जिल्लाका भूमिहीनले आ-आफ्नो क्षेत्रबाट प्रतिनिधित्व गर्ने सभासद्हरुलाई यस्तो आग्रह गर्दै चिठी पठाएका हुन । को प्रत्यक्ष निर्वाचित, को समानुपातिकबाट चुनिएको, कुन एमालेको, कुन माओवादीको, कुन कङ्ग्रेसको, कुनै भेदभावविना उनीहरुले भूमिहीनका समस्या समाधान हुनेगरी भूमि सुधार गनुपर्ने र यो प्रावधान संविधानमै राख्न दबाव दिने उद्देश्यले यस्तो पत्र पठाए ।

**एक हैन, दुई हैन, दर्जनौं भूमिहीनको पत्र छन् यतिखेर सभासद्हरुका हातमा । तर सबैको बेहोरा भने उस्तै छ- हामी पूर्खौंदेखि माटोमा दश नङ्ग्रा खियाइरहेका छौं तर त्यही माटो कहिल्यै हाम्रो भएन ।**

अगाडि बढिरहेको छ । विभिन्न समयमा विभिन्न किसानले आफ्नो माग पूरा गर्नका लागि सरकारलाई सहयोग र दबाव पनि दिँदै आएका छन् । तथापि सरकारले आश्वासनबाहेक केही दिन सकेन ।

यस्तो अवस्थाबीच पनि माग पूरा नभएकाले यहाँका भूमिहीनले संविधानमा भूमि सुधार उल्लेख गराउन मालपोत कार्यालय घेराउ गरेका हुन । हुन त आठ वर्षदेखि र्‍याली, धर्ना, जुलुस, ज्ञापनपत्र बुझाउनेलगायत् कामसँगै १९ दिनसम्म मालपोत कार्यालयमा तालाबन्दी गरेको इतिहास पनि छ यो जिल्लासँग । त्यतिखेर नेपाल सरकारसँग भूमि सुधारको मुद्दालाई प्राथमिकता दिने र काम थाल्ने सम्झौतासमेत भयो । तर कार्यान्वयन भएन ।

यही क्रममा दाङका भूमिहीनले करिव ५०० जनाको र्‍यालीसहित घोराही नगरपालिका परिक्रमा गरी जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा १ घण्टा धर्ना दिए । अनि प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधान मन्त्रीलाई ज्ञापनपत्र बुझाए । उनीहरुले विनम्र अनुरोध गर्दै भने कि कम्तिमा पनि तपाईं हाम्रो आन्दोलनलाई साथ दिनोस् । यसरी तपाईं जस्तै प्रशासकहरुले सम स्या बुझिदिनुभयो भने हाम्रा दुःखका दिन सकिनेछन् ।

बाँके, बर्दिया र सुर्खेतमा प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधान मन्त्रीलाई ज्ञापनपत्र बुझाइयो । माघ १५ गते एकै समय यी सबै जिल्लाका प्रजिअलाई बुझाइएको पत्र प्रधान मन्त्रीलाई बुझाइदिन आग्रह गरिएको थियो । यसैगरी सुनसरीमा माघ १२ गते, मोरङमा १३ गते र झापामा १५ गते राष्ट्रिय भूमि अधिकार मञ्चद्वारा प्रशासन कार्यालयमा धर्ना दिने काम भयो । धर्नापश्चात् धर्नाकारीले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाई आफ्ना समस्या अवगत गराएका थिए ।

यसरी नै कैलाली, कन्चनपुर, डडेलधुरा र बैतडीका जिल्ला प्रशासन कार्यालयमा पनि २ घन्टा धर्ना दिइयो । धर्नाका क्रममा भूमि सुधार किन आवश्यक छ भन्ने जिज्ञासा समाधान गर्नेखालको अपिलसमेत बाँडियो । त्यसपछि भूमिहीनले के खोजेका हुन भन्ने जानकारीका लागि प्रमुख जिल्ला अधिकारीलाई मागपत्र बुझाइएको थियो । यसरी कार्यक्रम गर्नुपर्नाको औचित्य स्पष्ट पार्न पत्रकार सम्मेलन पनि आयोजना भएको थियो । यही कार्यक्रमको प्रभावस्वरुप भूमिहीनले गरेका देशव्यापी आन्दोलनको खबर सञ्चार माध्यमले प्राथमिकतासाथ प्रचारप्रसार गरेका पनि थिए ।

सिन्धुपाल्चोकका किसानले माघ २० गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए । धर्नाका क्रममा उनीहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र दिए र त्यो प्रधान मन्त्रीसम्म पुर्‍याइदिन आग्रह पनि गरे । हेलम्बूको कुनादेखि गातीसम्मका किसान जिल्ला सदरमुकाम चौतारा बजार कृषि औजारसहित र्‍याली गर्दै जिल्ला प्रशासन कार्यालयअगाडि पुगेका थिए । त्यस क्रममा उनीहरुले चर्का नारा लगाउँदै आफ्ना माग पूरा नभए त्यस्तो संविधान मान्न बाध्य नहुने पनि चेतावनी दिएका थिए ।

किसानहरुले धर्नाको बीचबीचमा विभिन्न किसिमका व्यङ्ग्यात्मक गीत गाएर रमाइलोसमेत गरेका थिए । धर्नाकै क्रममा उनीहरुले पालैपालो उठेर आफ्ना वेदना सबैलाई सुनाएका पनि थिए । एक दिने उक्त धर्नामा १५० जनाको सहभागिता थियो । धर्ना २ घण्टासम्म जारी थियो । राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष नवराज गुरागाईंले प्रमुख जिल्ला अधिकारीलाई त्यस क्रममा पाँचबुँदे मागपत्र हस्तान्तरण गरेका थिए ।









खासगरी आक्कलझुक्कलमात्र जिल्लामा देखिने सभासद्का लागि उनीहरुले यस्तो उपाय अपनाउनु जरुरी ठानेका थिए । त्यसैले मत माग्ने बेलामात्र आफूसमक्ष आएका सभासद्लाई त्यतिबेला गरिएका वाचा स्मरण गराउने र त्यसलाई संविधानमा समेट्न लगाउने उद्देश्यले चिठी अभियान थालिएको थियो । शिष्ट र बुझ्ने भाषामा लेखिएका थोरै शब्दका पत्रले सभासद्हरुले मत लिने बेला गरेका वाचा सम्झने अपेक्षा पनि त्यही चिठीमा उल्लेख थियो ।

यसरी चिठीपत्र पठाउने क्रममा बाँके, बर्दिया, सुर्खेत र दैलेखबाट पनि थुप्रै चिठी पठाइए । बाँकेमा १० जना सभासद्मध्ये प्रत्येकलाई ७ वटाका दरले पत्र पठाए भूमिहीनले । त्यसैगरी बर्दियामा ८ जना सभासद्लाई विभिन्न गाउँ टोल बस्ने भूमिहीनले आ-आफ्नै हिसावले चिठी पठाएर चुनावताका गरेको वाचा स्मरण गराए । सुर्खेतका ले पनि थुप्रै चिठी पठाए सभासद्लाई । सुर्खेतका भूमिहीनले सभासद् जुन दलका हुन, तिनै दलका स्थानीय नेतामार्फत् चिठी पठाएका थिए ।

यसैगरी महोत्तरीका ९ सभासद्लाई ४४ जनाले चिठी पठाए । सुनसरीका सभासद्ले भूमिहीनका ३९५ चिठी प्राप्त गरे भने मोरङबाट पठाइएका ३८५ चिठी सोही जिल्लाका सभासद्ले हात पारे । त्यसरी नै झापाका गाउँगाउँबाट पठाइएका ११६ चिठी विभिन्न दलबाट संविधान सभामा प्रतिनिधित्व गर्नेले पाए । इलाम, सङ्खुवासभा र धनकुटाका सबै सभासद्लाई यस्तो चिठी पठाइएको थियो ।

सिरहा र सप्तरीबाट मात्र ४०० चिठी पठाए भूमिहीनले । कैलालीका ११, कन्चनपुरका ५, डडेलधुराका ३ र बैतडीका ५ सभासद्लाई पनि ती जिल्लाका भूमि अधिकारबाट वञ्चितले यस्तै चिठी पठाए । हलिया र दलितको बाक्लो बस्ती रहेको यी जिल्लाका सभासद्लाई उनीहरुले भूमि सुधारबाट मात्र आफ्नो समस्या समाधान हुने भएकाले त्यसलाई जोड दिन सम्झाएका हुन । उनीहरुले सभामुख र शीर्ष तीन दलका नेता अनि प्रधान मन्त्रीलाई पनि यसबारे सम्झाएका छन् । यी चार जिल्लाका भूमिहीनले आफ्ना सभासद्लाई १०/१० वटा तथा प्रधान मन्त्री, सभामुख र शीर्ष नेतालाई भने ५/५ वटा चिठी पठाएर आफ्ना समस्याप्रति ध्यानाकर्षण गराएका छन् ।

सिन्धुपाल्चोकको बाँडेगाउँस्थित प्युघर भूमि सिकाई केन्द्रबाट सात जना किसानले सातै जना सभासद्लाई संविधानमा भूमि अधिकारको विषय सुनिश्चत गर्न खबरदारीपत्र पठाएका छन् । उनीहरुले यस्तो पत्र यताउता नअलमलियोस् भनेर हुलाकमार्फत् रजिष्टर गरी पठाएका थिए । यसैगरी संसदमा रसुवाबाट प्रतिनिधित्व प्रेम तामाङलाई भूमिहीनले हस्तलिखित पत्र बुझाए । उनलाई उत्पन्नेश्वर भूमि अधिकार मञ्च, धैबुङमा आवद्ध १९ जना भूमिपीडितको संयुक्त पत्र बुझाइएको थियो ।

संविधानमा भूमि सुधारको सुनिश्चितता हुनैपर्ने माग राखेर पठाइएका ती चिठी सम्वन्धित सभासद्कहाँ पुगे कि पुगेनन्,

**झापाका गाउँगाउँबाट पठाइएका ११६ चिठी विभिन्न दलबाट संविधान सभामा प्रतिनिधित्व गर्नेले पाए । इलाम, सङ्खुवासभा र धनकुटाका सबै सभासद्लाई यस्तो चिठी पठाइएको थियो ।**









सभासद्ले पढे कि पढेनन्, यसबारे उनीहरुको प्रतिक्रिया के छ भन्नेबारे पनि पत्र पठाउनेले चासो राखेका छन् । यसबारे उनीहरुले आफूले जिताएर पठाएका सभासद्लाई फोन गरेर वा भेटघाट गरेर जिज्ञासा राख्ने गरेका छन् । अनि उनीहरुका नजिकका मानिसमार्फत् पनि बुझ्ने गरेका छन् ।

## दलका नेता तथा अगुवाहरुसँग अन्तरक्रिया

राजनीतिक दलका नेतालगायत् गाउँ-समाजका अगुवा र सभासद्हरुसँग भूमिहीनहरुले अन्तरक्रिया पनि गरेका छन् यस क्रममा। उनीहरुले भूमि सुधारको विषयमा के हुँदैछ भन्नेबारे व्यापक छलफल तथा अन्तरक्रिया चलाउने काम गरे। अब भूमि सुधारको मुद्दा संविधानमा लेख्छौं र गरिब भूमिहीन किसानले बस्नका लागि बास र खेती गर्नका लागि जमिन उपलब्ध गराउँछौं भन्ने नेताहरुको आश्वासन कहाँ पुग्यो भनी सोधिएका प्रश्नमा नेताहरु अवाक हुने गरेका देखिए। यस्तो अवस्थाले उनीहरुले कतिपय अवस्थामा पश्चाताप महसुस गरेकोसमेत पाइयो।

भूमि सुधारबारे स्मरण गराइराख्न आफ्नो जिल्लाका सभासद्हरुको नाम र फोन नम्बर पत्ता लगाई सङ्कलन गर्ने काम पनि जारी छ। यसबाहेक गाउँ, चोक, चिया पसल, हाट बजार जस्ता मानिस जम्मा हुने ठाउँमा भूमि अधिकारबारे बहस चलाउने अभियान पनि सुरु गरेका छन् भूमिहीनले। यसबाहेक कुनै पनि कार्यक्रम होस् वा गाविस, जिविसको बैठकमै किन नहोस्, भूमिहीनका प्रतिनिधिले आफ्ना समस्या राख्ने क्रम पनि अघि बढाएका छन्।

अहिले यही क्रममा सामुदायिक वन, विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समूह आदिमा भूमिहीनका तर्फबाट पनि प्रतिनिधित्व गराउनुपर्ने आवाज उठ्न थालेको छ। यसरी प्रतिनिधित्व हुन सकेको ठाउँमा उनीहरुले भूमिहीनका समस्या र यसलाई समाधान गर्न चालिनुपर्ने कदमबारे आवाज उठाउन थालेका पनि छन्।

## सभासद्लाई फोन

चिठी पत्र त छँदैछ। साथै आफ्नो क्षेत्रका सभासद्लाई फोन गरेर भूमिहीनका समस्या अवगत गराउने तथा त्यसलाई संविधानमा राख्न जोड गर्नुपर्‍यो भनेर दबाव दिने उद्देश्यले



**गाउँ, चोक, चिया पसल, हाट बजार जस्ता मानिस जम्मा हुने ठाउँमा भूमि अधिकारबारे बहस चलाउने अभियान पनि सुरु गरेका छन् भूमिहीनले ।**



फोन पनि प्रयोग गर्न थालेका छन् । संविधान बन्ने समय थोरैमात्र बाँकी रहेकाले उनीहरुलाई यसबारे ताजा स्मरण गराउन यस्तो अभियान थालिएको भूमि अधिकारबाट वञ्चितहरु बताउँछन् । यही क्रममा विभिन्न जिल्लाबाट फोन गर्ने र मागबारे जानकारी गराउने क्रम जारी छ ।

भेटेका सभासद्लाई जहाँ भेट्यो त्यहीँ आफ्ना कुरा राखिहाल्ने चलन पनि चलाएका छन् उनीहरुले । महोत्तरी क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचित गिरिराजमणि पोखरेल फागुन ३ गते जिल्ला आएका थिए । त्यही बेला बर्दिबासमा स्थानीय भूमिहीनले आफ्ना कुरा राखे । अनि उनलाई उनको पार्टी माओवादीले संविधानमा भूमि सुधारको व्यवस्था राख्न किन आनाकानी गरिरहेको छ भनेर सोधे । त्यसपछि उनले पार्टीको मूल ध्येय नै भूमिहीनका समस्या समाधान गर्न भूमि सुधारलाई प्राथमिकता दिने भएकाले त्यसबारे पहल भइरहेको बताए । उनले अहिले अलि अप्ठ्यारो परिस्थिति भएरमात्र माओवादी यस सवालमा पछि हटेको जस्तो देखिए पनि वास्तविकताचाहिँ फरक भएको जानकारी पनि दिएका थिए ।

**भेटेका सभासद्लाई जहाँ भेट्यो त्यहीँ आफ्ना कुरा राखिहाल्ने चलन पनि चलाएका छन् उनीहरुले ।**

अहिले सिरहा र सप्तरीबाट आफ्ना सभासद्लाई संविधानमा भूमि सुधारको व्यवस्था समावेश गराउन व्यापक फोन गर्ने क्रम जारी छ । बाँके, बर्दिया, सुर्खेत र दैलेखमा पनि आफ्नो क्षेत्रबाट प्रतिनिधित्व गर्ने सभासदलाई फोन गरेर सम्झाउने तथा अनुनय विनय गर्ने काम जारी राखेका छन् भूमिहीनले ।

कतिपय ठाउँमा भने चाहेर पनि फोन गर्न नसक्ने अवस्था उब्जेको छ । कैलाली, कन्चनपुर, डडेलधुरा र बैतडीका भूमिहीन किसानले आफ्नो क्षेत्रबाट संविधान सभामा प्रतिनिधित्व गर्ने सभासद्लाई फोन गर्न चाहेर पनि सकेका छैनन् । उनीहरुका सभासद् काठमाडौं बस्छन् भने यी ठाउँबाट उनीहरुलाई फोन गर्न बढी पैसा लाग्छ । भोक र अभावसँग सङ्घर्ष गरिरहेका भूमिहीनका लागि यति पैसा जुटाउन पनि समस्या हुँदोरहेछ । त्यही पनि उनीहरु कुनै माध्यमबाट सभासद् भेट्ने र आफ्ना समस्या राख्ने प्रयत्न भने जारी राख्न तल्लीन छन् ।

## चोकचोकमा ब्यानर

भूमिहीनलाई नबिर्स, संविधानमा भूमि सुधार सुनिश्चित गर, हदबन्दी तोक, हदबन्दीभन्दा बढीको जमिन जफत गर र क्षतिपूर्ति नदेउ जस्ता नारा अहिले मेचीदेखि महाकालीसम्म टाङ्गिएका छन् । भूमि अधिकार मञ्चको अगुवाईमा रातो ब्यानरमा भूमि सुधारका मुद्दा लेखेर चोकचोक वा बढी आवत्जावत् हुने ठाउँमा धेरैले देख्नेगरी यस्ता ब्यानर व्यापकरुपमा टाँस्ने काम भएको छ । भूमि सुधार संविधानमा उल्लेख गर्नुपर्ने,








हदबन्दीभन्दा बढी जग्गा खोसिनुपर्ने र त्यस्तो जग्गाको क्षतिपूर्ति दिन नहुने आशयका यस्ता ब्यानरले समस्या सार्वजनिक गराउन मद्दत पुऱ्याएको छ ।

यही क्रममा चुनावमा सभासद्ले गरेका वाचा बिर्सेलान् कि भनेर सतर्क पनि गराइएको छ । दाङका ६ स्थान भालुवाङ, गढवा, लमही, घोराही र तुलसीपुरका २ ठाउँमा यस्ता ब्यानर टाँगिएका छन् । जसले बटुवा, स्थानीय व्यापारी वा कर्मचारीसमेतको ध्यान आकर्षण गर्न सकेको छ । राजनीतिक दलका मात्र ब्यानर टाङ्दै आएको सन्दर्भमा यो भूमिहीनताबारे छुट्टै ब्यानरले आममानिसको ध्यान तानेको छ । देख्नेहरु अडिएर पढिसकेरमात्र हिँड्ने गरेका छन् ।

यसरी ब्यानर टाँस्ने क्रममा बाँके, बर्दिया र सुर्खेतमा पनि ठाउँठाउँमा राखिएको छ । बाटोघाटो र चोक बजारका ११ ठाउँमा राखिएका चार चार मिटरका ब्यानर सबैका लागि नौलो मानिएका छन् । यसरी नै महोत्तरीका औरही, महेन्द्र राजमार्ग र सिन्धुली सडक खण्डमा राखिएका यस्ता ब्यानरले पनि सर्वसाधारणदेखि जिल्लास्थित सरकारी कर्मचारी अनि स्थानीय नेतासमेतको ध्यान खिचेको छ ।

सुनसरी, मोरङ, झापा, इलाम, सङ्खुवासभा र धनकुटामा पनि यस्ता ब्यानर थुप्रै



झुण्ड्याइएका छन् । दलको कार्यालयमा र सार्वजनिक स्थानमा राखिएका यस्ता ब्यानरले भूमिहीनका मागबारे केही सोच्नैपर्ने सवाल उठाएका छन् । खासगरी दलहरुका कार्यालयमा राखिएका ब्यानरले बढी चर्चा पाएको छ । उनीहरुको ध्यानाकर्षण गराउन उनीहरुकै कार्यालयमा राखिएका ब्यानरले गरिबका समस्यामा बोल्न बाध्य पार्ने अपेक्षा राखिएको छ ।

यसरी दलको कार्यालयमा ब्यानर राखिँदा जहाँ जुन पार्टी बढी सक्रिय छ वा जहाँ जुन पार्टीको बोलवाला चल्छ, त्यही पार्टीको कार्यालयमा राख्ने नीति पनि भूमिहीनले अपनाएका छन् । अर्थात् जहाँ पार्टीमध्ये जुन

**बाँके, बर्दिया र सुर्खेतमा पनि ठाउँठाउँमा ब्यानर राखिएको छ । बाटोघाटो र चोक बजारका ११ ठाउँमा राखिएका चार चार मिटरका ब्यानर सबैका लागि नौलो मानिएका छन् ।**





ठूलो र चल्तापूर्जा छ उसैकहाँ राख्ने अभियान थालिएको छ। जस्तो झापामा लिम्बूवान राज्य परिषद्को कार्यालयमा यस्तो ब्यानर राखिएको छ भने तराईमा मधेसी दलका कार्यालयमा राखिएको छ। अन्यत्र भने सामान्यतया माओवादी, कङ्ग्रेस र एमालेका कार्यालयमा ब्यानरले ठाउँ पाएका छन्।

यसरी ब्यानर अभियानलाई व्यापक बनाउने क्रममा बैतडी, डडेलधुरा, कैलाली र कन्चनपुरका ५/५ ठाउँमा राखिएको छ। जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकले नवलपुर, चौतारा, बाह्रबीसे, खाडीचौर र मेलम्चीमा यस्ता ब्यानर राखेको छ। त्यसैगरी रसुवाको लहरेपौवास्थित वेत्रावती, धैबुङस्थित कालिकास्थान र सदरमुकाम धुन्चेमा यस्ता ब्यानर राखिएको छ। त्यसबाहेक नेकपा एमाले, नेपाली कङ्ग्रेस र एमाओवादीको पार्टी कार्यालयमा पनि ब्यानर राख्ने काम भएको छ।

**सार्वजनिक स्थान, शहर बजार, दलका कार्यालय, मानिसको आवत्‌जावत् बढी हुने स्थान यसरी ब्यानर टाङ्गिने ठाउँमा परेका छन्। उस्तै नारा, उस्तै साइज र उस्तै रङले मानिसको ध्यान खिच्न सकोस् भनेर भूमि अधिकार मञ्चले यस्तो प्रक्रिया अपनाएको थियो।**

सार्वजनिक स्थान, शहर बजार, दलका कार्यालय, मानिसको आवत्‌जावत् बढी हुने स्थान यसरी ब्यानर टाङ्गिने ठाउँमा परेका छन्। खासगरी मानिसको आँखा सोझै पर्ने स्थानमा राखिएका ब्यानरको साइज पनि चार चार मिटरको एकैनासे राखिएको छ। उस्तै नारा, उस्तै साइज र उस्तै रङले मानिसको ध्यान खिच्न सकोस् भनेर भूमि अधिकार मञ्चले यस्तो प्रक्रिया अपनाएको थियो। जुन प्रभावकारी पनि देखिएको छ।




## भित्तेलेखन

निश्चय पनि भूमि सुधारको मुद्दा संविधानमा नलेखी छुट्टै कानुन बनाएर कार्यान्वयन गर्ने भन्ने कुराले भूमिहीन, सुकुम्बासी, मोही, बेदर्तावाल मोही किसानलाई निराश बनाएको छ। यदि राजनीतिक दलहरुले भूमिको मुद्दालाई संविधानमा सम्बोधन गर्न सकेनन् भने गणतन्त्र, लोकतन्त्र जे तन्त्र आए पनि जनताका लागि केही अर्थ हुनेवाला छैन। यही वास्तविकतालाई मध्यनजर गर्दै अझै बढी दबाव सिर्जना गर्न भित्तेलेखन कार्य पनि जारी छ।

जसअन्तर्गत शहर-बजार, विद्यालय, सार्वजनिक पाटीपौवा, सडकपेटी जस्ता ठाउँ, जहाँ धेरै आवत्‌जावत् हुन्छ र धेरैको आँखा पर्छ, त्यस्ता ठाउँमा आकर्षक पाराले भित्तेलेखन गर्ने कार्य पनि यो अभियानको अर्को महत्वपूर्ण विशेषता हो। मानिस बस्ने चौतारा, घरका भित्ता र सार्वजनिक स्थानमा लेखिएका नाराले यतिखेर सबैको ध्यान आकर्षित गर्न सकेको छ। विनाचुनाव वा विना कुनै दलको अधिवेशन भएकाले होला, भूमिहीनका भित्तेलेखन अहिले सबैले ध्यान दिएर पढ्ने, हेर्ने विषय हुन सकेको छ।

यस क्रममा बाँके, बर्दिया र सुर्खेतमा बाटोघाटो र घरका भित्ताहरु भूमि समस्या समाधान गर भन्ने नाराले पोतिएका छन् भने महोत्तरीको लक्ष्मीनिया, बेलगाछी, भरतपुर, किसाननगर, खयरमारा, माइस्थान र गौरीबासका भित्ता पनि यस्तै नाराले लिपिएका छन्। व्यक्तिका घरदेखि विद्यालय हुँदै पर्खालसम्ममा संविधानमा भूमि सुधार सुनिश्चित गरिनुपर्ने आशयका नाराले एकछत्र राज गरेका छन् यतिखेर

त्यसैगरी सुनसरी र झापामा भित्तेलेखन व्यापक देख्न सकिन्छ। सभासद्हरु भूमिहीन र महिलालाई नबिर्स, संविधानमा भूमि अधिकार ग्यारेन्टी गर, हदबन्दीभन्दा बढी जमिनको क्षतिपूर्ति दिन पाइन्न जस्ता नाराले यतिखेर पूर्वका विभिन्न जिल्ला रङ्गिएका

छन् । खाली भित्ता देखिए कि इनामेल वा रङ लिएर पुगिहाल्ने भूमि अधिकार कार्यकर्ताको दिनचर्या नै भएको छ । जसको प्रभाव पूरै जिल्लाबासीमा परेको छ ।

यसरी नै सिरहा र सप्तरीका ४८ गाविसमा भित्तेलेखन गरिएको छ । कैलाली, कन्चनपुर, डडेलधुरा र बैतडीका सडक, प्रशासन कार्यालय, गाविस कार्यालय, पुल, ढुङ्गा केही बाँकी छैनन् नारा लेखिन । जहाँ जेमा लेख्न पाइन्छ वा जे खाली छ, त्यसमा आफ्ना दबाबमूलक नारा लेखिहाल्ने अभियान नै थालेका छन् यहाँका खासगरी हलिया र दलितले । उनीहरु यसरी लेखेरै पनि आफ्ना समस्या सबैलाई अवगत गराउने उद्देश्यसाथ लागिपरेका हुन यतिखेर ।

यसैगरी राष्ट्रिय भूमि अधिकार मञ्च रसुवाले धैबुङ गाविसको कटुञ्जे, कालिकास्थान, गैराघर, घुम्ती, लहरेपौवा गाविसको माझगाउँ, उपल्लो पौवा, लहरे, वेत्रावती, बोगटीटार तथा भोर्ले गाविसको रूप्सेपानी र जिल्ला सदरमुकाम धुन्चेमा व्यापक भित्तेलेखन गरेको छ । यसबाट भूमिहीनका समस्या सार्वजनिक गर्न तथा यसबारे सबैलाई चासो जगाउन पर्याप्त मद्दत पुगेको बुझाई पनि मञ्चको छ। यसलाई अझै व्यापक बनाउने र निरन्तर गरिराख्ने योजनासमेत बनाएका छन् जिल्ला मञ्चहरुले ।

## राजमार्ग सभा र खबरदारी पर्चा

पहिलेपहिले बन्दकर्ताले मात्र रोक्थे गुडिरहेको गाडी । तर अहिले खासगरी सुदूरपश्चिममा यस्तो चलन फेरिएको छ । कैलाली, कन्चनपुर, डडेलधुरा र बैतडीका विभिन्न ठाउँमा माघभर भूमिहीनले यसरी गुडिरहेको गाडी रोके । अनि उनीहरुले गाडीमा सवार यात्रुलाई भूमिहीनका समस्या अवगत गराए । आफ्नो तर्फबाट भूमिहीनका माग संविधानमा राख्ने कार्यका लागि योगदान पुऱ्याइदिन आग्रह गरे । अनि आफ्ना समस्या र माग लेखिएका पर्चा दिए र गाडी राम्रोसँग छाडिदिए ।

उनीहरुले त्यसपछि राजमार्गमै छोटो सभा




पनि गरे । जसको नाम थियो- भूमि सभा । कतै राजमार्ग सभा पनि भनियो यसलाई । यस्तो सभाका स्रोता र दर्शक भने गाडीहरुमा सवार यात्रु हुने गरेका थिए । जो एकैछिन रोकिएर भूमिहीनका माग र समस्या सुन्थे, अनि बिदा हुन्थे ।

यसरी सभा गरिएका ठाउँमा टीकापुरको लम्की, पहलमानपुर, अत्तरिया, चौमाला, मसुरिया र गेटा थिए भने कन्चनपुरको गड्डाचौकी नाका, महेन्द्रनगर, कनवापुर, बाँडी र गुलरिया थिए । त्यसैगरी डडेलधुराको जोगबुढा, नगरकोट अनि पोखरा पनि राजमार्ग सभा गरियो भने बैतडीको सिल्लेगडा, खोचेलेक, सतबाँझ, शाहीलेक, गोठालापानी आदिमा पनि भयो राजमार्ग सभा । मोटर रोक्ने, आफ्ना माग सुनाउने, पर्चा र अपिल दिने, अनि पठाइदिने- यही थियो राजमार्ग सभाको उद्देश्य ।

सुनसरी, मोरङ र झापामा भने सभासद्हरुलाई सचेत गराउने उद्देश्यले खबरदारी पर्चा पनि वितरण गरियो । जसमा भूमिहीनका माग संविधानमा सम्बोधन नभए उनीहरु जनतामाझ आउने कुनै आधार बाँकी नरहने बेहोरो उल्लेख थियो । र, यसका लागि सभासद्हरुले संविधानमा भूमि सुधारको सुनिश्चितताका लागि कम्मर कसेर लागिहाल्न अनुरोध पनि गरिएको छ ।

**राष्ट्रिय भूमि अधिकार मञ्च रसुवाले धैबुङ गाविसको कटुञ्जे, कालिकास्थान, गैराघर, घुम्ती, लहरेपौवा गाविसको माझगाउँ, उपल्लो पौवा, लहरे, वेत्रावती, बोगटीटार तथा भोर्ले गाविसको रूप्सेपानी र जिल्ला सदरमुकाम धुन्चेमा व्यापक भित्तेलेखन गरेको छ ।**




**बाँकेमा अभियानकर्ताहरु गाउँ गाउँ पुगेर यसबारे चेतना फैलाउने काम गरे । उनीहरु हरेक दिन समूह समूहमा गाउँ जाने, त्यहाँका मानिस भेला गर्ने र यो अभियानबारे जानकारी गराउने काममा सक्रिय रहे । झण्डा बोकेर समूहमा पुगेका मानिस देखेपछि गाउँलेहरु आफैं आकर्षित भएर आउने भएकाले समूहमा जाने योजना उनीहरुले बनाएका थिए ।**

## ● गाउँ जाउँ

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले गरिबहरुको देशव्यापी आन्दोलन गर्ने क्रममा कार्यक्रमहरु निश्चित गरेको थियो । त्यही केन्द्रीय कार्यक्रमअनुसार सबै जिल्लामा अयिभान सञ्चालन भएका थिए । तर यसबाहेक पनि सक्रिय जिल्लाहरुले आफ्नो क्षेत्रमा फरकखाले दबाबमूलक कार्यक्रम पनि गरेका थिए । यस्ता फरकखाले कार्यक्रमले सर्वसाधारणमात्र नभई अन्यत्रका भूमिपीडित वा भूमि अधिकार अभियानकर्ताको समेत ध्यान तान्न सकेको थियो ।

यसै क्रममा बाँकेमा अभियानकर्ताहरु गाउँ गाउँ पुगेर यसबारे चेतना फैलाउने काम गरे । उनीहरु हरेक दिन समूह समूहमा गाउँ जाने, त्यहाँका मानिस भेला गर्ने र यो अभियानबारे जानकारी गराउने काममा सक्रिय रहे । झण्डा बोकेर समूहमा पुगेका मानिस देखेपछि गाउँलेहरु आफैं आकर्षित भएर आउने भएकाले समूहमा जाने योजना उनीहरुले बनाएका थिए ।

गाउँले जम्मा भएपछि भूमि अधिकार के हो ? यो किन आवश्यक छ ? यसको अभावमा पीडितले कस्तो मर्का सहनुपरेको छ ? नेपालमा भूमि अधिकार आन्दोलन किन जरुरी छ भन्ने जस्ता विषयमा अभियानकर्ताले बताउने गरेका छन् । त्यसैगरी उनीहरुले अहिले भूमि अधिकारबाट वञ्चितहरुले देशव्यापीरुपमा गरिरहेका आन्दोलनबारे जानकारी दिँदै यसमा सघाउन आग्रहसमेत गर्ने गरेका छन् ।

## ● गाविस घेरौं

सिरहा र सप्तरीका भूमिहीनको फागुनभरको दिनचर्या आन्दोलन र घेराउमै बित्यो । संविधानमा भूमि अधिकारको प्रावधान सुनिश्चित गराउने उद्देश्यले थालिएको देशव्यापी अभियानका क्रममा यी दुई जिल्लाका भूमि अधिकारबाट वञ्चितहरुले जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालय त घेरे नै साथै उनीहरुहरुले गाविस पनि घेर्न बाँकी राखेनन् ।

भूमिहीनहरु गाउँमा बस्ने र गाउँ विकास समितिको कार्यालय यो समस्या समाधानका लागि सबैभन्दा प्रभावकारी हुने भएकाले आफ्ना समस्या समाधानका लागि कदम चाल्न दबाब दिने उद्देश्यले उनीहरुले गाविस कार्यालय घेरेका थिए । यस क्रममा उनीहरुले ४० मध्ये केही गाविस घेराउ गरिसकेका छन् भने केहीमा घेर्ने क्रम जारी नै छ । त्यस क्रममा उनीहरुले गाविस अध्यक्षको समेत काम गर्ने गाविस सचिवलाई समस्या जानकारी गराउने र समाधानका लागि पहल गरिदिन अनुरोध गर्ने काम गरे ।

उनीहरुले सचिव र राजनीतिक दलका स्थानीय नेतालाई समस्या समाधानार्थ पहल गर्न ज्ञापनपत्र पनि दिने गरेका छन् । यसरी गाविस घेराउका क्रममा भूमिहीनहरुले दिनभर शिविर सञ्चालन गर्ने व्यवस्था पनि मिलाएका छन् । धर्नास्थलमै हुने शिविरका क्रममा भूमिहीनका समस्या, त्यसमा राज्यले गरिरहेको व्यवहार र समाधानका लागि चालिनुपर्ने कदम जस्ता विषयमा छलफल हुने गरेको छ । यस्तो कार्यले एकातिर घेराउमा आएकालाई अल्छी नलाग्ने वातावरण सिर्जना हुन सकेको र अर्कोतिर भने भूमि अधिकार आन्दोलनका विविध पक्षबारे ज्ञान हासिल हुने अवस्था निर्माण हुन सकेको छ । ●

# पछाडि हट्दैछन् दलहरु



■ पूर्णबहादुर सुनार

"

**आवश्यकता र वाचाअनुसार काम नभएपछि जनताले आफ्ना माग राख्न र वाचा सम्झाउनैपर्‍यो । तर यसको बेवास्ता गरिन्छ । बन्द, हड्ताल, तोडफोड, आगजनी नगरी माग सम्बोधन नै गरिँदैन । यो कस्तो परम्परा हो ?**

"

नेपाली राजनीतिमा दल र तिनका नेताहरुको लीला अपरम्पार देखिन्छ । भन्छन् एकथोक, गर्छन् अर्को थोक । यसैको परिणाम देशमा अशान्ति, अस्थिरता, महङ्गी, भ्रष्टाचारी, बेरोजगारीलगायत् समस्या मौलाउँदै गएका छन् । तर यसको दोष भने कोही लिन तयार छैनन् । फलानोले नमानेको, फलानो पार्टीको कार्यशैलीले गर्दा नभएको भनेर उम्कन खोजिरहेका छन् । जनताको हित हुने काममा मतो मिल्दैन । तर अहित हुने (समाजमा अशान्ति र द्वन्द्व कायम राख्ने, अस्थिरता, महङ्गी, भ्रष्टाचार र बेरोजगार निम्त्याउने) काममा भने मतो मिल्छ । पानीमाथिको ओभानो हुन खोजे पनि जनताको निगरानी पटक्कै हटेको भने छैन । उचित समयमा जनताले साँवा, व्याज र हर्जनासहित हिसावकिताब लिने कुराको यिनलाई हेक्का हुन जरुरी छ ।

जनताको आवश्यकताको विश्लेषण गरी गर्न सकिने कामबाट कामको थालनी गरिनुपर्ने हो तर यसो गरिँदैन । सत्ता र भत्ताका निम्ति गुलिया नारा दिने र पाएपछि भुल्ने प्रवृत्तिले जनतामा आक्रोश हुनु स्वाभाविकै हो । आवश्यकता र वाचाअनुसार काम नभएपछि जनताले आफ्ना माग राख्न र वाचा सम्झाउनैपर्‍यो । तर यसको बेवास्ता गरिन्छ । बन्द, हड्ताल, तोडफोड, आगजनी नगरी माग सम्बोधन नै गरिँदैन । यो कस्तो परम्परा हो ?

प्रसङ्ग पछिल्लो समयमा भूमि सुधारका निम्ति दलहरुले गरेको जनघाती निर्णयसँग सम्बन्धित छ । नेपाली जनता लोकतन्त्र स्थापना हुने र शान्तिपूर्वक गरिखान पाइने अपेक्षाका साथ खाली खुट्टा र भोको पेट जनआन्दोलनमा होमिएका थिए । शान्ति र जनताका आवश्यकता पूरा गर्ने कुरा दलहरुको पनि गन्तव्य हो । सङ्घर्षमा जनताको उपस्थितिले लोकतन्त्र आयो ।

लोकतान्त्रिक आन्दोलनका पक्षधर सत्तामा पुगेको पनि आधा दशक पुगिसकेको छ । गरिब, श्रमजीवीहरुको पक्षमा केही हुन्छ कि जस्तो सुरुका दिनका गतिविधिले देखाएका थिए । भूमि अधिकारबाट वञ्चितहरु, महिला, दलित, जनजाति, अल्पसङ्ख्यक, उपेक्षित क्षेत्रको सवालमा निकै बहस भई आशा लाग्दा निर्णय पनि भए ।

भूमि अधिकारको सवालमा नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकअन्तर्गत सम्पत्तिसम्बन्धी हक, मौलिक अधिकार तथा निर्देशन सिद्धान्त समितिको सम्पत्तिसम्बन्धी हक र प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समितिको आर्थिक अधिकारभित्र भूमि सुधारको एजेन्डालाई संविधानको मौलिक हकमा समावेश गर्ने भनिएको छ । तर विवाद समाधान उपसमितिको निर्णयअनुसार भूमि सुधार र हदबन्दी संविधानमा नभई कानुन निर्माण गरी गर्ने भनियो । उपसमितिको यही निर्णयलाई संविधान घोषणा गर्ने दिन नजिक आइरहँदा सबै दलले सहमति गर्न पुगेका छन् । यो भूमि सुधार नगर्ने अर्थात् भूमि अधिकारबाट वञ्चित जोताहा

किसानलाई परनिर्भर बनाइराख्ने चाल हो । गरिब, भूमिहीन जनतासँग गरेको घात हो । खाली खुट्टा र भोको पेट जनआन्दोलनमा होमिएका जनताको विपक्षमा र आन्दोलनका बेला अग्ला महलबाट रमिते बन्नेहरुको पक्षमा भएको निर्णय हो । देशमा अशान्ति, अस्थिरता, महङ्गी, भ्रष्टचारी, बेरोजगारीलगायत समस्याको जड हो । जो सम्पूर्ण नेपाली जनताको हितमा छैन ।

भूमि सुधारको सवालमा दलहरुको त्याग र घोषणापत्रहरु भने कम महत्वका छैनन् । देशकै सबैभन्दा ठूलो राजनीतिक दल एनेकपा माओवादीको जनयुद्धको प्रमुख मसला भूमि सुधार नै थियो । २०६४ को चुनावी घोषणपत्रमा मौलिक हकअन्तर्गत भूमिमाथि वास्तविक जोताहाको हक रहने उल्लेख छ । त्यस्तै नयाँ सङ्क्रमणकालीन अर्थनीति शीर्षकमा जोत्नेको सिद्धान्तका आधारमा र कृषि र वन शीर्षकअन्तर्गत सामन्ती भूमि सम्बन्ध, गैरहाजिर जमिनदारीको अन्त्य र वास्तविक जोताहा किसानलाई निःशुल्क जमिन दिने भनिएको छ । अर्थात् क्रान्तिकारी भूमि सुधार गर्ने भनिएको छ ।

दोस्रो ठूलो दल नेपाली कङ्ग्रेस पनि स्थापनाकालदेखि जसको जोत उसको पोतको नारा घन्काउँदै २०१५ सालमा त दुईतिहाई मत हासिल गरी सरकार बनाउन पुगेको थियो । सन् १९६० अक्टोबर २७ मा भारतको बम्बई सहरमा आयोजित अखिल भारत नेपाल विद्यार्थी सम्मेलनको उद्‍घाटनमा तत्कालीन प्रधान मन्त्री विपी कोइरालाले सामन्ती व्यवस्था पुरानो व्यवस्था हो, जमिनको स्वामित्वका आधारमा शोषण हुने भन्दै जोत्नेलाई जमिन हुनेगरी भूमि सुधार हुनुपर्ने धारणा राखेका थिए । यतिमात्र होइन, उनले विर्ता उन्मूलन, जमिनमाथि लगाइएको अधिक कर र किसानलाई रसिद दिलाउने काम गरेका थिए । विपीको समाजवादमा उनले प्रत्येक नेपालीसँग एउटा दुहुनो गाई, चिटिक्क परेको घर र खान पुग्ने जमिन हुनुपर्ने बताएका छन् । विपीको आचारविचारलाई मार्ग निर्देशन मान्ने कङ्ग्रेसले आफ्ना घोषणपत्रमा भूमिको कुरा छुटाएको छैन । २०६४ को घोषणापत्रमा पनि समानता र समृद्धिका लागि वैज्ञानिक भूमि सुधारको कुरा उल्लेख गरेको छ ।

त्यस्तै खासगरी जमिजदारको विरोध गर्दै यही माहोलमा खडा भएको पार्टी नेकपा एमाले र पार्टीको भातृसङ्गठन अखिल नेपाल किसान महासङ्घले मोहीका रुपमा लामो समयदेखि अरुको जमिन कमाएका किसानलाई बराबरी मोहियानी हक दिएरमात्र दोहोरो प्रणाली अन्त्य गर्नुपर्ने माग अघि सार्दै आएको छ । यो पार्टीले २०२८ को झापा विद्रोह पनि किसानको अधिकारलाई लिएर गरेको थियो । २०६४ को चुनावी घोषणापत्रमा क्रान्तिकारी भूमि सुधार र व्यवसायीकरण शीर्षकमा पुरानो उत्पादन सम्बन्धमा परिवर्तन ल्याउन वैज्ञानिक भूमि सुधार, कृषिको आधुनिकीकरण र व्यवसायीकरणलाई प्रथामिकता दिनेलगायत् कुरा एमालेले भनेको छ । यस्तै सबै वामपन्थी पार्टी र मधेसवादी दलले पनि आफ्ना घोषणापत्रमा भूमि सुधारका कुरा प्राथमिकताका साथ उठाएका छन् । तर पछिल्लो सहमतिले चुनावी घोषणापत्र, पार्टीका दस्तावेज र नेताहरुले बोल्दै आएका कुरा हात्तीका देखाउने दाँतमात्र भएका सावित गरिदिएको छ । विगतलाई सम्झेर अनि भविश्यलाई हेरेर संविधानमा नै भूमि सुधार गर्ने र हदबन्दीभन्दा बढी जग्गाको क्षतिपुर्ति नदिने ग्यारेण्टी गरिनुपर्छ । संविधानमा नलेखी कानुन बनाएर भूमि सुधार गर्ने विवाद समाधान उपसमितिको निर्णय फिर्ता लिनुको विकल्प छैन । ●



■ सुमित्रा सुवेदी

परिवर्तन भनेकै पुरानो समाज र सामाजिक सम्बन्धको अवसान र नयाँ निर्माण हो । समाज गतिशील छ र समाजको गतिशीलता सँगसँगै सामाजिक व्यवहार पनि परिवर्तन हुँदै जान्छन् । समाजको उत्पत्तिसँगै नेपाली महिला विविधखाले हिंसाका शिकार बन्दै आएका छन् । खास गरेर महिलामाथि हुने हिंसा महिला भएकै कारणबाट उब्जेको नभई समाज विकास क्रममा निजी स्वामित्वमा आधारित समाज निर्माण भएपछि उब्जेको हो ।

जसको प्रमुख कारण पुरुष प्रधान (पितृसत्तात्मक) समाज व्यवस्था, सामन्ती र पुरातनवादी चिन्तन र उत्पादनका साधनमाथि महिलाको स्वामित्व र नियन्त्रण नहुनु हो । अझ विशेष गरेर महिलाको सम्पत्तिमा अधिकार नहुनुले हिंसाका घट्नालाई थप जटिल बनाइदिएको छ । किनकि समाज विकास क्रममा सम्पत्तिसम्बन्धी सवालले अत्यन्त ठूलो करिब करिब निर्णायक स्थान र महत्व राख्ने गरेको छ । जसको सम्पत्तिमाथि प्रभुत्व हुन्छ, त्यसले सम्पूर्ण समाजमाथि आधिपत्य कायम गर्छ । समाजमा कुनै व्यक्ति वा वर्गको आर्थिक वा उत्पादनका साधनमाथि जति बढी अधिकार र प्रभुत्व हुन्छ, सामाजिक र राजनीतिकरुपले त्यो त्यति नै बढी शक्तिशाली हुन्छ ।

त्यसैले महिलामाथि हुने हिंसा अन्त्य गरी महिलालाई सशक्त र अधिकारसम्पन्न पार्नका लागि अर्थात् हिंसामुक्त समतामूलक समाज निर्माणका लागि सर्वप्रथम महिलालाई आर्थिक अधिकार सम्पन्न पार्न जरुरी छ । यसै सन्दर्भमा विश्व प्रसिद्ध साहित्यकार लुसुनले भन्नुभएको छ- जबसम्म महिलालाई समाजमा पुरुषले पाएसरह आर्थिक अधिकार प्राप्त हुँदैन, तबसम्म महिला मुक्तिका यावत्

# भूमि सिकाई केन्द्र र हिंसापीडित गाउँले महिला

कुरा अर्थहीन गन्थनमात्र हुन्छ।

आम महिलाको उत्पादनका साधनमाथि स्वामित्व नहुनु र पुरुषले पाएसरह समान आर्थिक अधिकार नहुनुका कारण महिला थुप्रै प्रकारका समस्या भोगिरहेका छन्। त्यसमध्ये एउटा प्रमुख समस्या महिलामाथि हुने हिंसा हो। न्युन आर्थिक सामाजिक हैसियतले पनि महिलाविरुद्धको हिंसालाई जन्म तथा निरन्तरता दिने काम गरिरहेको छ। मूलतः महिलामाथि राज्य, समाज र परिवारबाट हिंसा हुने गर्छ। यद्यपि हिंसाको मूल स्रोत भने राज्यसत्ता हो।

महिलालाई अर्थोपार्जन कार्यमा कुनै पनि स्थान नदिने तथा मुनाफावादी संस्कृतिका कारण दाइजो प्रथाबाट महिलामाथि हुने घरेलु हिंसाका घटना प्रशस्तै भएका छन्। समाजमा अग्रसर भएर बोल्ने, आफ्ना विचार प्रकट गर्ने अवसर त महिलाका निम्ति ज्यादै निम्न छ। यसै सन्दर्भमा सबैखाले महिला हिंसा अन्त्यको अभियान हरेक गाउँ टोल र समुदायमा पुर्‍याउन र हरेक गाउँ, टोल र समुदायमा पुर्‍याई हिंसामुक्त गाउँ टोल बनाउँदै अगाडि बढाउन भूमि अधिकार आन्दोलनले निकै सघाउ पुगेको छ।

महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्न परिवार, समुदाय र समाजको सबै तह परिचालन गर्नु, लैङ्गिक समतामूलक कानुन र नियम निर्माण गरी कार्यान्वयनका लागि राज्यलाई दबाव सिर्जना गर्नका लागि भूमि अधिकार आन्दोलन सशक्तरुपमा अगाडि बढ्नुपर्छ। हिंसामुक्त जीवन सबैको अधिकार हो भन्ने सन्देश हरेक समुदायमा पुर्‍याउनुपर्छ। त्यसैगरी चुह्लोचौको र घरधन्दामा सीमित गराउने, भाँडा मझाएर राख्ने, भोगविलासको साधन ठानेर महिलालाई शोषण गर्ने सबै

**महिला हक अधिकारबारे सजग बनाउनुका साथै दुःखको समयमा पनि साथ दिएका कारणले भूमि सिकाई केन्द्रप्रति खासगरी विपन्न महिलाको झुकाव र विश्वास बढेको हो।**

प्रकारका विसङ्गति, असमानता र उत्पीडनविरुद्ध सशक्त र सङ्गठित भएर सङ्घर्ष गर्नु नै अधिकार प्राप्तिको बाटो हो। यही सन्देश हरेक घरमा पुर्‍याएर अभियानमा सबैलाई समाहित गराउनुपर्छ भूमि अधिकार आन्दोलनले।

यदि आफैं सचेत नभई यस्ता गम्भीर अपराधलाई निरन्तरता प्रदान गरिरहेको भेटिएमा सामाजिकरुपले सामाजिकस्तरका यस्ता घटनाप्रति सार्वजनिक बहस गरेर समाधानको लागि पहल गर्न सहजकर्ताको भूमिका निर्वाहसमेत यस्ता भूमि सिकाई केन्द्रले गर्दै आएका छन्। यदि समस्या टुङ्गो नलागेको अवस्थामा नेपालका ऐन, कानुनअनुरुप प्रशासन र न्यायिक क्षेत्रबाट समस्या समाधानका लागि पीडित पक्षको तर्फबाट वकालत गर्दै सहयोग पुऱ्याउँदै पनि आएका छन् यी केन्द्रले।

यतिखेरको ग्रामीण महिलाको टड्कारो खाँचोलाई हेरिदिएको छ भूमि सिकाई केन्द्रले। महोत्तरीकै उदाहरण हेर्ने हो भने पनि भूमि अधिकार आन्दोलनले जिल्लाका गाउँले महिलामाझ सञ्चालन गरेको भूमि सिकाई केन्द्रमार्फत् भए/गरेका काम काफी छन्। महिला अधिकारका सवालमा प्रशिक्षण दिएदेखि यहाँका महिलामा छुट्टै किसिमको जाँगर र जोश आउन थालेको छ। आफूलाई पुरूषको दासीका रूपमा स्वीकार्दै आएका उनीहरु आफ्नो हक अधिकार पुरूषको जत्तिकै समान छ र यो जन्मसिद्ध अधिकार हो भन्न आँट गर्न थालेका छन्।

भूमि अधिकार आन्दोलनका कार्यक्रम गाउँस्तरसम्म पुग्नाले महिला एकतामा बाँधिनुपर्ने, एकजुट नहुँदा आवाज कसैले नसुन्ने, महिलाका समस्यालाई साझा समस्याका रुपमा अघि बढाउनुपर्ने जस्ता अवाज उनीहरु उठाउन थालेका छन्। हरेक दिदी-बहिनीले महिला सरोकारका सवालबारे जान्नैपर्ने हुन्छ, जुन कुराको थालनी भूमि सिकाई केन्द्रले गरेको छ।

जबसम्म महिला आफ्ना निजी स्वार्थ त्यागी सामूहिक स्वार्थका लागि लागिपर्दैनन् तबसम्म महिलाको स्थितिमा सुधार नआउने कुरा यथार्थ हो, त्यसैले यहाँका दिदीबहिनी कसैको समस्या पर्दा एक आवाज गरी समाधानको बाटो खोज्न थालेका छन्। यतिमात्र नभई ग्रामीण क्षेत्रमा गएर पीडित महिलालाई भेटी सत्य तथ्य जानकारी लिएर पीडित महिलालाई सम्बन्धित ठाउँमा पठाएर उचित न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा महिलाको विश्वास जित्न सफल भएको छ यो भूमि सिकाई केन्द्र।

महोत्तरी त उदाहरणमात्र हो। मुलुकभर छरिएका यस्ता केन्द्रले पीडित महिलाको हृदयमा बास पाएको छ। महिला हक अधिकारबारे सजग बनाउनुका साथै दुःखको समयमा पनि साथ दिएका कारणले भूमि सिकाई केन्द्रप्रति खासगरी विपन्न महिलाको झुकाव र विश्वास बढेको हो। जातजाति, आस्था, विचार जस्ता पक्षमा पूर्वाग्रही नहुने यसको स्वभावले पनि भूमि सिकाई केन्द्र सबै पीडित महिलाको साझा चौतारी बन्न सकेको हो शायद।

# नयाँ संविधानमा भूमि सुधार नीतिमाथि बहस

**संविधान सभाको विवाद समस्या समाधान उपसमितिले भूमि सुधारबारे गरेको निर्णय राजा महेन्द्रले गरेको भूमि सुधारभन्दा पनि घातक छ ।**

माघ १० गते नयाँ संविधानमा भूमि सुधारबारे के राख्नुपर्छ भन्नेबारे बहस कार्यक्रम आयोजना भयो । राजनीतिक दलका नेता, सभासद, पत्रकार, मानव अधिकारकर्मी, विभिन्न संस्थाका प्रतिनिधि, भूमि विज्ञ र भूमिहीन किसानको सहभागिता थियो ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष सोमप्रसाद भण्डारीले नयाँ संविधानमा भूमिको न्यायोचित वितरण गर्ने विषय समेटिनु पर्दछ । भूमि सम्पत्ति र अरु सम्पत्ति फरक हो । जमिनमा सबै मानवले बस्न पाउनुपर्छ । तसर्थ जमिनलाई पुर्णत निजी सम्पत्ति बनाउन मिल्दैन् ।

श्याम श्रेष्ठ, नागरिक समाजका अगुवाले भन्नुभयो-विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ मा सामन्ती भूस्वामित्व अन्त्य र वैज्ञानिक भूमि सुधार गर्ने भन्ने कुरा उल्लेख भइसकेको अवस्थामा अहिले आएर नेपालका राजनीतिक दल यस मुद्दाबाट विमुख भएका छन् । संविधान सभाको विवाद समस्या समाधान उपसमितिले भूमि सुधारबारे गरेको निर्णय राजा महेन्द्रले गरेको भूमि सुधारभन्दा पनि घातक छ । अहिले कुनै पनि राजनीतिक दलले जोताहा, भूमिहीन, सुकुम्बासी र मोहीका कुरा उठाएका छैनन् । बिर्ता उन्मूलन गर्ने इतिहास बोकेको कङ्ग्रेस पार्टी, केशव बडाल आयोग बनाउने एमाले र भूमि सुधारको बारेमा १० वर्षे सशस्त्र आन्दोलन गर्ने माओवादी पार्टीले समेत यसलाई बेवास्ता गर्नु दुर्भाग्य हो ।

एमाले नेता प्रकाश ज्वालाले क्रान्ति मोर्चामा सबैभन्दा बढी गरिबहरुको सहभागिता हुने गरेको छ भन्दै तर त्यही समूह सधैं ठगिइरहेको भनाई राख्नुभएको थियो । हामी राजनीतिक दलहरु संविधान सभाको चुनावपछि आफूले गरेका प्रतिबद्धताबाट विमूख भएका छौ, उहाँले भन्नुभयो- आन्दोलनका उपलब्धि संस्थागत गर्न सकेनौं । यो अति नै विडम्बनाको कुरा हो । सामाजिक, आर्थिक अन्यायहरु उन्मूलन गर्नैपर्छ ।

माओवादी नेता देव गुरुङले वैज्ञानिक भूमि सुधारको विषयलाई संविधानमा नै सम्बोधन गर्नुपर्ने बताउँदै हदबन्दीभन्दा माथिको जग्गाको क्षतिपूर्ति दिने कि नदिने भन्ने कुरा संविधानमा नै उल्लेख हुनुपर्ने धारणा पनि राख्नुभएको थियो । तर कति दिने र कसरी दिने भन्ने कुराचाहिँ कानुन बनाएर लागु गर्न सकिने भनाई पनि उहाँको रहयो ।

सुप्रभा घिमिरे, कङ्ग्रेस सभासद् : नागरिकलाई सक्षम बनाउन रोजगार, शिक्षा, स्वास्थ्य, व्यवसाय आदिमा राज्यले ध्यान दिनुपर्ने बताउनुभएको थियो भने जग्गाको समान वितरणले मात्र समानता आउँछ जस्तो नलाग्ने धारणा पनि राख्नुभएको थियो । त्यसैगरी संसदको प्राकृतिक स्रोत साधन समितिकी अध्यक्ष शान्ता चौधरीले नेपालमा राजनीतिक क्रान्ति धेरै भए पनि जनताको जीवनस्तरमा परिवर्तन हुन नसकेको बताउनुभएको थियो । उहाँले संविधानको मस्यौदाहरुमा हरुवा, चरुवा, कमलरी आदि शब्दहरु समावेश गराउनसमेत निकै चुनौती भएको अनुभव सुनाउनुभएको थियो ।

भूमि प्रणाली विकास केन्द्रका केशवप्रसाद शर्माले भूमि सुधारको मुद्दा पछाडि पर्नुमा राजनीतिक दलका नेताहरुको विचारमा कुठाराघात भएर हो भन्ने धारणा राख्नुभएको थियो भने पत्रकार रघुनाथ लामिछानेले यस्ता कार्यक्रममा जिम्मेवार पक्षको सहभागिता नभएकाले कार्यक्रमको प्रभावकारितामाथि शङ्का व्यक्त गर्नुभएको थियो । यो उस्तैउस्ता दुःखीहरुको मात्र सम्मेलन भएको भनाई पनि उहाँको थियो ।

कार्यक्रममा उठेका सवाललाई सारांशकृत गर्दै अधिवक्ता एवम् प्राकृतिक स्रोत विज्ञ दीनमणि पोखरेलले निर्णायक बहस भइरहेका बेला उचित दबाव दिन सकिएन भने यो कुराको टुङ्गो नै नलाग्ने भनाई राख्नुभएको थियो । संविधानमा भूमि सुधारको मुद्दा नराख्दा अरु सम्पत्तिझैं जमिन पनि सम्पत्तिका रुपमा कायम रहन्छ भन्दै पोखरेलले भन्नुभयो- सम्पत्तिको अधिकार मौलिक हकमा राखिनुहुँदैन । यदि राखियो भने भूमि अधिकार मौन हुन्छ र यो विस्तारै हराउँदै जान्छ । हामीले यदि भूमि सुधार भएन भने त्यस्तो संविधान चाहिँदैन भन्ने वातारण सृजना गर्नुपर्छ । भूमि सुधारको मुद्दालाई संविधानमा सम्बोधन गर्नका लागि निर्णायक योगदान दिने बेला आएको छ । ●

## मेरो अनुभव

# लागिपरे हुँदोरहेछ

– जुगमानी चौधरी, दाङ

भूमि अधिकार आन्दोलनमा २०६६ साल जेठ १५ गतेदेखि लागेकी हुँ। अहिले भूमि अभियान सहजकर्ताका रुपमा कार्यरत छु। यो अभियानमा लाग्नुभन्दा पहिले भूमि अधिकार अन्दोलन के हो भन्ने कुरा मलाई थाहा थिएन। भूमि अधिकार आन्दोलन आफ्नै गाविसबाट सुरु गरेकी हुँ। शायद त्यसैले होला, मलाई यो आन्दोलन सञ्चालन गर्न त्यति गाह्रो भएन।

आन्दोलनमा लागेपछि काम सिक्दै गइयो। गाविस सचिवलगायत् राजनीतिक दलसँग भूमि अधिकारको विषयमा छलफल गर्नका लागि योजना नै बनाएँ। साथीहरु, जिल्ला मञ्चका पदाधिकारी र अन्य सहयोगी बोलाएर गाविसको कार्यालयमा छलफल चलाउने गरेकी छु। यस्तै कार्यक्रममा भूमिहीनका समस्याबारे राजनीतिक दलका पदाधिकारीसँग पनि छलफल तथा अनुभव आदान-प्रदान गरियो।

हेकुली गाविसमा ऐलानी जग्गामा बसोबास तथा जोतभोग आधारपत्र प्राप्तिको निवेदन पेश गर्नका लागि राजनीतिक दलसँग पहिलो बैठक २०६६ भाद्र ९ गते गाविसमा बसियो। तर निर्णय भने हुन सकेन। दोस्रो बैठक २०६६ कात्तिक ८ गते मुख्य तीन दलका नेताहरुसँग भयो। छलफलबाट हेकुली गाविसमा वर्षौंदेखि जोतभोग तथा बसोबास गर्दै आएका ऐलानी सार्वजनिक जग्गाको सम्पूर्ण विवरणसहित २०६६ कात्तिक ९ गतेदेखि मङ्सिर १५ गतेसम्म गाविसको कार्यालयमा निवेदन पेश गर्न सार्वजनिक आह्वान गर्ने निष्कर्ष निस्क्यो। यो निर्णयपछि गाविसमा जम्मा १ हजार ९२ वटा निवेदन दर्ता भयो। गाविसमा परेको निवेदनउपर छानविन गर्न गाविसले २५ हजार रुपियाँ बजेटसमेत छुट्टयायो। सर्वसम्मतिबाट भएको यो निर्णयले मलाई निकै उत्साहित गरायो। र, लागिपरे जे पनि सम्भव हुँदोरहेछ भन्ने निष्कर्षमा पुगें।

निवेदन दिइएको जग्गा निवेदकको हो कि होइन भन्ने यथार्थ विवरण थाहा पाउनका लागि सर्वदलीय टोली प्रत्येक वडा र टोलमा पठाइयो। उनीहरुले यथार्थ विवरण ल्याए। यसरी छानबिन गर्दा लाग्ने खर्च गाविसले नै दियो।

राजनीतिक दलहरुसँग छलफल गर्दा हाम्रो अडान जहिले पनि ऐलानी जग्गाको जोतभोग तथा बसोबासका लागि आधार प्रमाणपत्र प्राप्त गर्नु नै रहयो। यसरी राजनीतिक दलहरुसँग पटकपटकको छलफलपछि २०६८ साउन २४ गतेदेखि पुस मसान्तसम्म ५३४ परिवारले बसोबास तथा जोतभोगको आधार प्रमाणपत्र प्राप्त गरेका छन्। जसमा महिला १५४ र पुरुष १८० जना छन्। यसैगरी दलित ११ र जनजाति ३३१ तथा अन्य १९२ जनाले यस्तो प्रमाणपत्र प्राप्त गरेका छन्।

# सकिने काम त गरौं

– टेकबहादुर सुवेदी, राम्चे, सिन्धुपाल्चोक

मैले २०५५ सालसम्म रासायनिक मल प्रयोग गर्दै आइरहेको थिएँ। त्यसयता यसको प्रयोग घटाउँदै लगेको छु र खेतमा प्राङ्गारिक मलको प्रयोग बढाउँदै लगेको छु। तर उत्पादनमा भने कुनै कमी आएको छैन।

सधैं काममा व्यस्त हुने हुँदा बजारतिर त्यति जाँदिन। बिनाकाम बजारतिर जाँदा पैसामात्र मासिन्छ।

म बजारिया तयारी खाजा पनि खान्न। बरु आफ्नै खेतबारीमा उत्पादित अन्नबाट बनेको कोदोको रोटी, भटमास, आदि खाने गरेको छु। मैले बाख्रा पालन गरेको छु। यसबाट प्रशस्त प्राङ्गारिक मल प्राप्त हुन्छ।

यही कारण झिन्वा मसिनो धान उत्पादन गर्न सफल भएको छु। मैले पोखेली धान प्रतिरोपनी ३ मुरी उत्पादन गर्छु। यी धानखेतीमा यदि रासायनिक मल प्रयोग गरेको भए धान उत्पादन त बढ्थ्यो तर बालामा फल हैन, भुँस फल्थ्यो। यो मेरो अनुभव हो।

मैले लगाएका धानको पराल लामो हुने भएकाले पशुलाई आहारका लागि बढी समय धान्छ। त्यसैगरी गुन्द्री चकटी बुन्न सहज हुन्छ। कफी खेती पनि सुरु गरेको छु। आफ्नो कामबाहेक छिमेकीको घर छाइदिने, आरान लगाइदिने र सिकर्मी कामसमेत गरिदिन्छु। पहिला गाईवस्तु बाहिर चराउँदा मल खेर जान्थ्यो।

अहिले यो थाहा पाएकाले गाउँमा छलफल गरी वस्तुहरु गोठमा नै बाध्ने गरेको छु। यसो गर्दा मल दोब्बर उत्पादन हुन थालेकाले खेती गर्न सहज भएको छ। ●

# खाद्य सङ्कट र सुधारवादी हस्तक्षेपमा प्रश्न



■ सोमत घिमिरे

**हाम्रा साथीहरुले जङ्गलबाट ल्याएको च्याउले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ? खोलाबाट ल्याएका माछाले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ?**

बढ्दो खाद्य सङ्कटको कारण नेपालको संरचना, आर्थिक, राजनीतिक, सांस्कृतिक र सामाजिक परिवेश हो अरु कुनै विधि ? के हामी अहिलेको संरचनालाई, र प्राकृतिक स्रोत माथीको स्वामित्वलाई यथावत् राखी राम्रो मल, राम्रो बीउ, राम्रो प्रविधि ल्याएर मात्र खाद्य सङ्कटबाट मुक्त हुन सक्छौं ? यो जमेर बहस गर्नुपर्ने सवाल हो । यसको अर्थ राम्रो मल, राम्रो बीउ र राम्रो प्रविधिलाई नजरअन्दाज गरेको हैन । कुनै सानो कुरा हो भनिरहेको पनि छैन तर यो मुद्दा कसको हो ? उच्च र मध्यम किसानको वा साधारण सुकुम्बासीको ? अधिकांश किसान, जसको ५/७ कट्ठा जग्गा छ, जसको ५/७ रोपनी जग्गा छ, तिनीहरुका लागि खाद्य संकट सामना गर्ने उत्तम विधि के हो ? सुकुम्बासीलाई खाद्य सङ्कट मुक्त गर्ने हो भने यसका राजनीतिक कारण के हुन् भनेर खोज्न जरुरी छ कि छैन ?

नेपालमा कुनै न कुनै रुपमा कुनै न कुनै पार्टीले कुनै न कुनै बेला भूमि सुधारको नारा बोकेकै हो । अहिले पनि कतै न कतै नागरिक तहबाट भूमि सुधारका एजेण्डा उठिरहेका छन्- त्यो लेखेर उठ्या छ, बोलेर उठेको छ, जुलुस निकालेर उठेको छ, सङ्गठनका रुपमा उठेको छ ।

नेपालमा सञ्चालित विकास परियोजनाहरुले के ठान्यो भने नेपालमा संरचनागत परिवर्तनको कामभन्दा पनि अलिकति सुधारवादी काम गरौं, केही बाटाका कुरा गरौं, केही बीउ वितरण गरौं, यसबाट खाद्य सङ्कट टार्न सकिन्छ । यसले नेपालको खाद्य सङ्कट घटाउन कति मद्दत गऱ्यो ? के यत्रो संरचनाका कारण थोपरिएका अन्यायपूर्ण सामाजिक सम्बन्धहरु भएको देशमा एउटा सानो विकासे हस्तक्षेपबाट, सानो विकासे क्रियाकलापबाट, गतिविधिबाट, संरचना फेरबदल हुन सक्छ ? केही दिएरमात्र हामीले जुन समाधान गर्न खोज्यौं, के त्यो बाटो हाम्रा लागि उपयुक्त थियो ? के त्यो बाटोबाट खाद्य सुरक्षाको निकास निकाल्न सक्छौं ? यो प्रश्न पनि २०३६ सालदेखि अहिलेसम्म ज्युँदै छ ।

अर्को प्रश्न खाद्यान्न भनेको के हो ? कृषि मन्त्रालयले ५ अन्न भन्छ- धान, मकै, गहुँ, कोदो र जौ । यो विचार कहाँबाट बन्यो ? हाम्रा साथीहरुले जङ्गलबाट ल्याएको च्याउले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ? खोलाबाट ल्याएका माछाले खाद्यान्न सुरक्षामा मद्दत गरेको छ कि छैन ? किन खाद्यान्नलाई यति धैरै केन्द्रिकृतरुपमा व्याख्या गरियो ? सँगसँगै यि स्रोतहरु कसको नियन्त्रणमा छ भन्ने प्रश्न पनि महत्वपूर्ण छ । हाम्रो जस्तो देशमा खाद्य सुरक्षाको जति कुरा गरे पनि कृषि श्रमिकले गरेका पौरखकै कारण हामीले खान पाएका छौं । इन्जिनियरले खोला देख्यो भने उसले विजुली कति निकाल्न सकिन्छ भनेर कल्पना गर्छ, मछुवाले खोला देख्यो भने कति माछा निकाल्न सकिन्छ भनेर कल्पना गर्छ । पानी भन्नेबित्तिकै बिजुली बुझ्ने तरिका उपयुक्त छैन । पानीसँग मानिसको जनजीवन, संस्कृति जोडिएको छ कि छैन ?पानी भन्नेबित्तिकै खोई सिँचाई सोचेको, खोई संस्कृति

सोचेको ? पौडी खेल्ने, रमाइलो गर्ने भन्ने खोई सोचेको ?

नेपालको खाद्य सङ्कटको समस्या उत्पादनमुखी संरचनामा छ, यो समस्या स्वामित्वमा छ। यो अवस्थामा जे/जे गरे पनि कमजोर मानिसमा जाँदैन। अर्को कुरा प्रवल भएर बजार आइदियो। चामल बजारमा लगिदेउ, तरकारी बजारमा लगिदेउ, सब कुरा बजारमा लगिदेउ, अब बजारलाई बीचमा राख। बजारलाई बीचमा राखेनौं भने यो हुँदैन भनेर नेपालमा ०४६ को परिवर्तनपछि सङ्गठितरुपमा कङ्ग्रेसमा छलफल पनि भयो। तर बजारमा चामल छ अनि गरिव भोकै सुतिरहेका छन् भन्ने विस्यौं। सिरहामा चामल छ तर त्यही जिल्लाका मान्छेहरु भोकै सुतिरहेका छन्। सर्लाहीमा चामल छ तर सर्लाहीकै मान्छे भोकै छन्। भनेपछि के बजार उपाय हो ? होइन। बजार निषेध गरेको समाजको कल्पना पनि गर्न सकिँदैन तर बजार न्यायमा आधारित हुनुपर्‍यो नि।

भूमि सुधारलाई हामीले धेरै व्याख्या गर्न सकेनौं। भूमि सुधारको आर्थिक सान्दर्भिकता के हो ? भूमि सुधारबाट हामीले सामाजिक न्यायमा आधारित राज्य व्यवस्थाको परिकल्पना गर्न खोजेका छौं। अहिले आएर समावेशी राज्यको कुरा गरेका छौं। एउटा भूमिहीन मानिस कहिले समावेश हुन सक्छ यो संसारमा ? खानेपानी उपभोक्ता समितिमा सुकुम्बासी आउन मिल्दो रहेनछ। किन मिल्दैन भन्दा पहिले पैसा आउँदैन रे, पहिला पैसा नल्याएपछि उधारो ल्याउनुपर्छ रे। साहूले पनि दिँदैन रहेछ। भनेपछि त्यो नाममा अलिक जग्गा जमिन भएको साहूले पत्याउने मानिस आउनुपर्ने रहेछ। भनेपछि एउटा उपभोक्ता समितिमा त एउटा गरिब आउन नहुने रहेछ भने ऊ अन्य कहाँ पुग्न सक्ला ?

भूमिको यत्रो सम्बन्ध छ भने हामी कहाँको समावेशी राज्य व्यवस्था बनाउछौं अहिलेको संरचना राखेर ? समावेशी राज्य संरचना भनेको संविधान सभामा सबै जात हराभरा हुनुमात्रै हो ? संविधान सभामा महिला छन्, दलित छन्, जनजाति छन्, के समावेशी हुनु

**तराईका अधिकांश पोखरी जमिन्दारको नियन्त्रणमा छ। बाहिरको ठेकदार छन् र ती ठेकेदार सररर बाइकमा आएर पोखरीका माछा मारेर बेच्न लैजान्छन्। गाउँको सम्पत्ति कसरी अरुको हुन सक्छ ? एकपटक नवलपरासीमा बोटेहरुले सार्वजनिक जग्गामा बस्न खोजे तर ठालुहरुले यो हाम्रो केटाकेटीले फुटबल खेल्ने चउर हो भने। कसैलाई यो देशमा फुटबल खेल्न चउर चाहिएको छ।**

भनेको त्यही मात्र हो ? समावेशीपनको बहस नेपालमा एकलकाटे रुपमा मात्रै अघि बढेको छ। संरचनामा कहीं दलित छुटे कि, जनजाति छुटे कि ? महिला पो छुटे कि ? छुटाउनुहुँदैन है भन्नेमा सीमित छ।

जमिनमा समावेशी भनेको के हो ? पानीमा समावेशी भनेको के हो ? जङ्गलमा समावेशी भनेको के हो ? समावेशीको बहस हावादारी बहस होइन। जसको जमिन छ, उसको समाजमा मर्यादा छ, मान्यता छ, नमस्तेको ओइरो छ। तिनै मान्यता र नमस्तेको ओइरोभित्र बसेर उसले सार्वजनिक सम्पत्तिहरुमा आफ्नो नियन्त्रण राखेको छ। आज जनजाति सामुदायिक वनसँग मिसाइएका छन्। चेपाङ खोरिया सामुदायिक वनभित्र नापिएका छन्। त्यसैले जनजाति संस्कृतिअनुसारको वन व्यवस्थापन के हो भनेर खोज्नुपर्ने अवस्था छ।

तराईका अधिकांश पोखरी जमिन्दारको नियन्त्रणमा छ। बाहिरको ठेकदार छन् र ती ठेकेदार सररर बाइकमा आएर पोखरीका माछा मारेर बेच्न लैजान्छन्। गाउँको सम्पत्ति कसरी अरुको हुन सक्छ ? एकपटक नवलपरासीमा बोटेहरुले सार्वजनिक जग्गामा बस्न खोजे तर ठालुहरुले यो हाम्रो केटाकेटीले फुटबल खेल्ने चउर हो भने। कसैलाई यो देशमा फुटबल खेल्न चउर चाहिएको छ। कसैलाई भने बस्न ठाउँ छैन। त्यसैले अब हामीले खाद्य सुरक्षाको बाटो अलिकति फेर्ने हो भने हामीले अर्को बाटोको विषयमा छलफल गर्नुपर्‍यो। अर्को बाटो भनेको संरचना र परिवर्तनको बाटो, सामाजिक न्यायको बाटो र निजी सार्वजनिक सम्पत्तिमा सामुदायिकीकरणको बाटो।

किसान बन्नु इज्जतको कुरा हो कि लाजमर्दो ? आज एउटा किसान गौरवसाथ म किसान हुँ भन्न सक्दैन। हेपीहेपी निहुरिएको शिरबाट उत्पादन हुन्छ ? उसको जिन्दगीको सबभन्दा ठूलो अपराध उसले कृषि छोड्न नसक्नु भन्ने गराइएको छ। कसरी त्यो वर्गलाई यो काम ठीक हो भनेर हौसला प्रदान गर्न सक्छौं ? विदेश जाने युवालाई कृषिमा कसरी आकर्षित गर्ने ? सोच बनाउनु जरुरी छ। किसानमैत्री सरकार नबनाएर, यस्तो अर्थनीति कायमै राखेर, यस्तै बजार राखेर किसान वृद्धि हुन सक्छ ? खाद्य सुरक्षामा मद्दत पुग्न सक्छ ? सक्दैन।

नेपालको २७ प्रतिशत जङ्गल लगभग सेनाले राखेको छ। खाद्य सुरक्षाको प्याकेज भनेको नै जल, जङ्गल र जमिन हो। खोला देख्नेबित्तिकै बिजुली देख्ने ज्ञानले खोला देख्नेबित्तिकै जीविका देख्न सक्नुपर्‍यो। कुनै पनि नामको वन राज्यलाई चाहिन्छ भने मानव बस्तीभन्दा टाढाको वन, मान्छेले व्यवस्थापन गर्न सक्दिन भनेको वन र अत्यन्तै संवेदनशील वन राज्यले राखोस्। तर जनताले म गर्छु, गर्न सक्छु भनेको वन सरकारले छोड्नुपर्दैन ?

अर्को हामीले छलफल गर्नुपर्ने विषय सामुदायिक वन हुन्छ भने सामुदायिक पोखरी हुन्छ कि हुँदैन ? सामुदायिक खेतीपाती हुन्छ कि हुँदैन ? समुदायको मिलेमतोमा, विचारमा जे गर्दा उत्तम हुन्छ, त्यही सामुदायिकीकरण गर्दै लैजानुपर्छ। यसले कुनै न कुनै रुपमा खाद्य सुरक्षामा मद्दत गर्छ। तर उत्पादनलाई मात्र केन्द्रमा राखेर सामाजिक न्याय भएन भने त्यसले चाहिँ काम पटक्कै दिँदैन।

# परिवर्तनका लागि सिकाइको उपयोग

**हरेक पाइलामा महसुसीकरण आवश्यक छ । महसुसीकरणका लागि सिकाई महत्वपूर्ण हुन्छ । हरेक भूमि अधिकार आन्दोलनमा क्रियाशील सदस्य नियमित सिकाईको यात्रामा सहभागी हुनैपर्छ ।**

भूमि तथा कृषि अधिकार आन्दोलनमा विभिन्न काम गरिँदै आइएको छ । गाउँ मञ्च निर्माण, बैठक, प्रशिक्षण, तालिम, सभा, ऱ्याली, भित्तेलेखन, सरकारी कार्यालयमा ज्ञापनपत्र पेश, राजनीतिक दलसँग अन्तक्रिया आदि । यसको सूची निकै लामो हुन सक्छ । यस्ता कार्य कति रचनात्मकरुपमा परिणाम आउनेगरी भएका छन् ? भन्नेतर्फ ध्यान दिनु जरुरी छ । यतिखेर यी क्रियाकलापको यही पाराको निरन्तरताले आन्दोलनको गन्तव्यमा पुगिएला वा नपुगिएला भन्ने प्रश्न पनि उत्तिकै टड्कारो छ ।

भूमि अधिकारबाट वञ्चित समुदाय र त्यसमा सघाउने सहजकर्ता र भूमि अधिकारकर्मीबीच मिहिन छलफल, आफ्नो अनुभव र क्षमतामा आधारित योजना, पहिले गर्न खोजेको काम र त्यसबाट ल्याउन चाहेको परिवर्तनमा प्रष्ट भएर गरिएको कार्य तुलनात्मकरुपमा सफल भएको छ । महसुसीकरणविना नै बाहिरी व्यक्तिबाट तोकिदिएको काममा सहभागितामात्र कम भएको हैन । त्यसबाट खोजेको उपलब्धि पनि पाउन सकिएको छैन ।

कुनै पनि काम किन गर्ने भन्ने नबुझी त्यसमा चाख हुँदैन । जुन कुरा महसुस गर्न सकिँदैन, त्यो कुरा बुझ्न पनि सकिँदैन । जे कुरा बुझ्न सकिँदैन, त्यो काममा चाख पनि हुँदैन । उदाहरणका लागि हामीले आन्दोलन कोषलाई बुझ्न सक्यौं । समुदायमा पनि बुझाउन सक्यौं । धेरै ठाउँमा आन्दोलन कोष खडा भयो र उपयोग पनि भयो । परिवेश विश्लेषणको काम सोचेजस्तो भएन । यसो नुहनमा सहजकर्ता हामीले पनि यसको मर्म बुझेनौं । हामीले नबुझेकाले समुदायलाई झनै बुझाउन सकेनौं । समुदायले फगत प्रतिवेदन बनाउने बुझे । यो आफ्नो अधिकारसँग सम्बन्धित सवालमा परिवेश बुझ्ने, त्यसको विश्लेषण गर्ने, त्यहाँबाट ज्ञान निर्माण गर्ने र त्यसलाई अधिकार प्राप्तिको आन्दोलनसँग जोड्ने अभिन्न कामका रुपमा महसुसीकरण गराउन सकेनौं । सामुदायिक भूमि सुधारको उद्देश्य र प्रक्रिया जति महत्वपूर्ण थियो, त्यही तहमा समुदायमा काम भएन । यसो हुनमा यो विषयमा समुदायमा प्रशस्त छलफल भएर त्यहीँबाट योजना बनेन । नगर्नेले सोचेको कुरा लागु गर्न गाह्रो भयो ।

हरेक पाइलामा महसुसीकरण आवश्यक छ । महसुसीकरणका लागि सिकाई महत्वपूर्ण हुन्छ । हरेक भूमि अधिकार आन्दोलनमा क्रियाशील सदस्य नियमित सिकाईको यात्रामा सहभागी हुनैपर्छ । जसरी निर्देशनले समाज फेरिँदैन, त्यसैगरी भूमि अधिकार आन्दोलनमा पनि निर्देशनले चाहेको परिवर्तन सुनिश्चित गर्दैन । यसो गर र उसो गर भनिएको कार्यक्रम कार्यान्वयनमा आउन सक्छ । तर त्यसले त्यसमा संलग्न सदस्यको क्षमता र गर्न खोजेको कामबाट हेर्न खोजेको परिणाम आउँदैन । यसका लागि सहभागीमूलक विधि र प्रक्रिया अति नै जरुरी हुन्छ । त्यसैले यतिखेर सबैले एउटा चिन्तन गर्ने बेला भएको छ । हरेक कामलाई कसरी सहभागीमूलक बनाउने होला ? कामलाई ज्ञान निर्माणको प्रक्रियासँग कसरी जोड्ने होला ? भूमि अधिकारबाट वञ्चितहरु र यसका हरेक कार्यकर्ताले नयाँ भूमि व्यवस्थाको यात्रामा हिँड्दा आफैंलाई चाहिँ कसरी रुपान्तरण गर्दै जाने होला ? यसका लागि आफैं पनि सिकाई प्रक्रियामा सामेल हुन जरुरी छ ।

भूमि अधिकार आन्दोलनबाट हामीले प्राप्त गर्न खोजेको भूमिमात्र हैन । यस आन्दोलनमा सामेल हरेकको क्षमता र बुझाईमा पनि परिवर्तन ल्याउनु हो । यसका लागि सिकाई प्रक्रियालाई नियमित बनाउनुपर्छ ।

यसका लागि सिक्ने विषयवस्तु महत्वपूर्ण हुन्छ । सहयोगीको भूमिका प्रक्रियामा सहजीकरण हो । यस्तो सहजीकरण गर्ने सहजकर्ता दृष्टियुक्त, ज्ञानकर्मी, सामाजिक परिचालक र मूल्य-मान्यता अभ्यासकर्ता हुनुपर्छ । सहजीकरणमा कुरा थुपार्ने हैन, सहभागीलाई नै बढी सोच्न दिइनुपर्छ । समाजको परिवर्तन परिचालनले मात्र हुँदैन । ज्ञान निर्माण र त्यसको उपयोग हुनुपर्छ । जसरी खाना आधारभूत आवश्यकता हो । त्यसैगरी सिकाई पनि आधारभूत आवश्यकता हो । पर्याप्त र सन्तुलित खानाको अभावमा जसरी कुपोषण हुन्छ, त्यसैगरी उचित र नियमित सिकाईको अभावमा सिकाई र शिक्षाको कुपोषण हुन सक्छ । तर विचार गर्नुपर्ने कुरा के हो भने सबै शिक्षा सिकाई हुँदैन । सिक्नका लागि हाम्रो बुझाई र धारणा कस्तो छ भन्ने विषयले सिक्ने आधार दिने हो ।

पाउलो फ्रेरेले शिक्षण र सिकाई प्रक्रियालाई छुट्याउन नसकिने बताएका छन् । यी छुट्टाछुट्टै भाग लगाउने विषय हैनन् । यदि यसलाई विभाजन गरियो भने सिकाउनेले सिक्ने कार्य निषेध गर्छ । र, ऊ विस्तार

अरुलाई फरक देख्ने र होच्याउने अहमताले भरिँदै जान्छ । एकै समयमा सिकाउने र सिकिरहने दुवै कार्य सम्भव छैन भनेर विश्वास राख्नेले विद्यार्थीबाट र उनीहरुको जीवनबाट सिक्न सकिँदैन भनेर विश्वास गर्छन् । यसले आफूलाई हरेक कुरामा सक्षम वा जान्ने भानमा परेको हुन्छ । यस्तो अवस्थामा सिक्ने र सिकाउनेबीच दूरी बढ्न जान्छ । यहाँनेर विद्यार्थी वा सहभागीलाई कुनै आदर गरिँदैन । यसो भयो भनेचाहिँ सिकाई हुँदैन । कोही पनि सिकाउने व्यक्तिले आफूलाई निरन्तर सिकाई प्रक्रियामा समावेश गर्न सक्नुपर्छ । भनाई नै छ, असल शिक्षक हुन असल विद्यार्थी हुनुपर्छ ।

यदि हामी यस्तो मानसिकताबाट ग्रस्त हुन चाहँदैनौं भने हामीले कसरी नियमित सिक्ने भनेर जान्न जरुरी छ । यदि हामी निरन्तर सिक्दैनौं भने हामी सिक्नेलाई पुराना र बितेका कुराहरु थोपर्नेमात्र गर्छौं । जुन सिक्नेप्रति अन्याय हुन्छ । यदि हाम्रो सिकाईलाई नवीकरण गर्दैनौं भने नयाँ परिस्थिति थाहा पाउन र यसको विश्लेषण गर्न पनि सक्दैनौं । यदि हामी जीवनपर्यन्त सिकाईमा सचेत छैनौं भने हामीले आफैंलाई पनि न्याय गर्न सक्दैनौं । आफ्नो पेशा र सिक्नेलाई न्याय गर्न सक्दैनौं ।

पहिले हरेकले आफूले जानेका विषय थोपर्ने हैन । पहिले सम्बन्धितहरुसँग सिक्नुपर्छ । क्रमशः सिक्दै र सिकाउँदै जानुपर्छ । हामीले कसरी समुदायबाट सिक्ने, कसरी सहजकर्ताबाट सिक्ने, कसरी सबैले सबैको सिकाई प्रक्रियामा योगदान गर्ने भन्ने विषयमा सचेत हुनुपर्छ । यसका लागि सहभागीमूलक परिवेश विश्लेषण महत्वपूर्ण हुन्छ ।

भूमि अधिकार आन्दोलनलाई नयाँ दृष्टिकोणका साथ परिचालन र ज्ञान पक्षलाई सँगसँगै लिएर जानुपर्छ । उदाहरणका लागि जुलुसभन्दा पहिले सम्वाद चाहिन्छ । त्यस्तो सम्वाद प्रक्रियामा ५ जना को लाने ? कसलाई लाँदा कुरा सुन्छन् ? हामीले दिन खोजेको सन्देश के हो ? कसरी यो सन्देश प्रवाह हुँदैछ ? आदि हरेक विषयमा तयारी र सचेतता आवश्यक छ । भूमि अधिकारको हरेक प्रक्रियामा जनमुखी शिक्षालाई जोडेर लानुपर्छ । धेरै काममा हैन, गुणात्मकतामा जोड दिनुपर्छ । यसका हरेक प्रक्रियामा सिक्ने कार्यलाई जोडेर लग्नुपर्छ । महसुसीकरण र सचेत सिकाईविनाको कामले कुनै परिणाम नआउने निश्चित छ । ●

# संविधानमा भूमि अधिकार

नयाँ संविधान निर्माण क्रममा भूमि सुधारसम्बन्धी मूलतः तीन वटा प्रश्न बहसमा थियो । संविधानमा भूमि सुधारको विषय उल्लेख गर्ने कि नगर्ने ? जग्गामा हदबन्दी लगाउने कि नलगाउने ? र, हदबन्दीभन्दा माथिको जग्गामा क्षतिपूर्ति दिने कि नदिने ? अघिल्ला २ वटा प्रश्नमा भूमि सुधार गर्ने र हदबन्दी लगाउने विषयमा सहमति जुटिसकेको सुन्नमा आएको थियो । भूमि सुधार गर्दा लगाइने हदबन्दीमाथिको जग्गा राज्यले लिँदा क्षतिपूर्ति दिने कि नदिने भन्ने विषयमा मात्र छलफल हुन बाँकी थियो । तर विवाद समाधान उपसमितिमा भूमि सुधारका सबै काम कानुन बनाएर गर्ने र संविधानमा उल्लेख नगर्ने भन्ने सहमति भएको खबर सार्वजनिक भएका छन् ।

यतिखेर नेताहरुले सशस्त्र द्वन्द्वको एउटा मूल कारण भूमिलगायत् प्राकृतिक स्रोतको अन्यायोचित वितरण थियो भन्ने वास्तविकता बेवास्ता गर्न खोजेका छन् । अहिले गर्ने भनिएको व्यवस्था अन्तरिम संविधानभन्दा पनि पच्छगामी छ । नेताहरुले गरेको सहमतिमा जनताका पक्षधर सभासद् एक ढिक्का हुन सकेनन् भने भूमि सम्बन्धमा २०४७ सालको संविधानभन्दा नयाँ व्यवस्था केही नहुने भएको छ । र, यसले जमिनको अन्यायपूर्ण वितरणलाई नै जस्ताको तस्तै राख्ने स्थिति देखा परेको छ ।

संविधानमा भूमि सुधार विषय क्षणिक हार-जितको विषय हैन । यसले दीर्घकालीनरुपमा कस्तो असर पर्छ ? समाजमा द्वन्द्व किन भइरहेको छ भन्नेमा विचार गर्नुपर्छ । भूमि सुधार गर्नका लागि संविधान बाधक नहुने प्रावधान संविधानमा राख्नैपर्छ । संविधानमा व्यवस्था नगरी कानुन बनाएर भूमि सुधार गर्छु भन्नु भूमि सुधार हुँदैन भन्नु बराबर हो ।

अहिले जे सहमति भएको भन्ने बाहिर आएको छ, यसले व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणालाई अझै बलियो बनाउने निर्णय भएको छ । पहिलेको भन्दा जग्गालाई सम्पत्तिको रुपमा राख्ने ठाउँ अझै फराकिलो भएको छ । यसो हुनु भनेको जमिनलाई अन्य वस्तुसरह व्यक्तिगत सम्पत्तिका रुपमा उल्लेख गर्नु हो । अन्य सम्पत्तिमाथिको अधिकार र जमिनमाथिको अधिकारलाई एउटै ढङ्गले हेर्नु पनि हो । ऐतिहासिक कालखण्डमा सत्ता र शक्तिको प्रयोग वा दुरुपयोगबाट प्राप्त भएको जमिनमाथिको अधिकारलाई व्यक्तिगत अधिकारका रुपमा मान्यता दिनु हो । बजारले नै जमिनको पुनर्वितरणको प्रक्रिया ठीक हुन्छ भन्ने मान्यता राख्नु हो । जुन सर्वथा गलत छ ।

भूमि प्राकृतिक स्रोत हो । यसलाई अरु सम्पत्तिसरह मान्न कदापि मिल्दैन । जमिन प्राकृतिक स्रोत एवम् एउटा महत्वपूर्ण उत्पादनका साधन भएकाले यस्तो स्रोत सीमित व्यक्तिमा केन्द्रित हुन हुँदैन । जमिनको स्वामित्वका हकमा व्यक्तिगत सम्पत्तिसम्बन्धी अवधारणा पूर्णरुपमा लागु हुनु हुँदैन । देशमा उपलब्ध जमिनलगायत्का प्राकृतिक स्रोतमाथिको अन्तिम स्वामित्व राज्यमा रहन्छ । अर्थात् राज्यले कानुन बनाई कुनै पनि व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सक्छ । तर यसका लागि संविधानमै किटिनुपर्छ ।

भूमि सुधारको संवैधानिक निश्चितताको लागि मौलिक हकअन्तर्गत सम्पत्तिको हकसम्बन्धी प्रावधानमा प्रतिबन्धात्मक वाक्यांश थपी 'राज्यले भूमि सुधार कार्यक्रम लागु गर्नेछ, जग्गामा हदबन्दी लगाउनुपर्दा कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ, हदबन्दीभन्दा बढी जग्गाको क्षतिपूर्ति दिइने छैन' भन्ने व्यवस्था राख्नैपर्छ । समय बाँकी छ । जनताका सभासद्हरुले यो विषयलाई गम्भीरपूर्वक लिउन् । जमिनलगायत् स्रोतको वितरण अन्यायपूर्ण राखेर नयाँ नेपाल बन्दैन ।

*(राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले सभासदहरुलाई पठाएको पत्र)*

# भूमिलाई अधिकारसँग जोडेर हेर्दा



■ भेषराज पोखरेल

नेपालको संविधानमा उल्लिखित मौलिक हककै धाराअन्तर्गत सम्पत्तिको अधिकार नै भूमिको न्यायोचित वितरणका लागि बाधक छ । देशमा दस वर्षसम्म चलेको माओवादी युद्धका विभिन्न कारणमध्ये भूमिको असमान वितरण पनि एक थियो । त्यसैगरी अदालतमा जाने मुद्दामध्ये ७२ प्रतिशत जमिनसँग जोडिएको हुने वास्तविकताले पनि यहाँ भूमिको समस्या कति भयाबह छ भन्ने प्रष्टिन्छ ।

कृषिमा आश्रित जीवन निर्वाहको परम्परा रहेको हाम्रो मुलुकमा गरिबी र भूमिहीनता एक-अर्काका कारण र परिणाम दुवै हुन । नेपालको अल्पविकास, पछौटेपन र शिक्षा तथा स्वास्थ्य जस्ता अन्य सामाजिक सवालको सम्बन्ध विश्लेषण पनि भू-स्वामित्वकै सवालसँग जोडेर हेर्न सकिन्छ ।

नेपाल कृषि प्रधान देश हो भन्नेमा शङ्कै छैन किनकि यहाँका ७६ प्रतिशत मानिस खेती गरेर जीवन गुजारा गर्छन् । कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग खेतीयोग्य छ । कुल खेतीयोग्य जमिनको २० प्रतिशत बाँझो छ । यसरी जमिन बाँझो रहेका कारण प्रतिवर्ष ४२ अरब घाटा भइरहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालका ४२ लाख घरपरिवारमध्ये १० लाख २० हजार घरपरिवार अर्थात् ५५ लाख मानिस भूमिहीन छन् । कुल भुमिमध्ये ६५ प्रतिशत गरिब किसानसँग १० प्रतिशत मात्र भूमि छ भने १० प्रतिशत धनीसँग ६५ प्रतिशत जमिन छ ।

नेपालका २ लाख घरपरिवार वा १० लाख मानिससँग आफ्नो नाममा एक धुर पनि जमिन छैन । २२ प्रतिशत दलित भूमिहीन छन् । यहाँ जमिन नहुनेमध्ये सुकुम्बासी, हलिया, गोठाला, हरुवाचरुवा, मुक्त कमैया र मोही किसान बढी छन् । भूमि नभएकै कारण हरुवाचरुवा, हलिया, कमैया, कमारा-कमारी, कमलरी, मोही जस्ता प्रथा सुरु भयो । ४ लाख ५० हजार अरुको जमिन जोत्ने बेदर्तावाल किसानको त त्यस्तो जमिनमा आफ्नो एकरत्ति पनि स्वामित्व छैन । यही कारण निर्धक्क भन्न सकिन्छ कि देशको प्राकृतिक स्रोत र साधनको वितरण न्यायोचित छैन ।

नेपालको संविधानमा उल्लिखित मौलिक हककै धाराअन्तर्गत सम्पत्तिको अधिकार नै भूमिको न्यायोचित वितरणका लागि बाधक छ । देशमा दस वर्षसम्म चलेको माओवादी युद्धका विभिन्न कारणमध्ये भूमिको असमान वितरण पनि एक थियो । त्यसैगरी अदालतमा जाने मुद्दामध्ये ७२ प्रतिशत जमिनसँग जोडिएको हुने वास्तविकताले पनि यहाँ भूमिको समस्या कति भयाबह छ भन्ने प्रष्टिन्छ ।

देशको नयाँ वातावरणमा यसको समुचित वितरण हुनु जरुरी छ । त्यसैले संविधान सभामा यसको व्यापक चर्चा भई नयाँ संविधानमा भूमि सुधार हुने कुरा लेखिन जरुरी छ । भूमिको न्यायोचित वितरण समस्याको उचित सम्बोधन हुन नसके देश फेरि गृहयुद्धको चपेटामा फस्न सक्छ भन्ने बुझ्नु पनि उत्तिकै आवश्यक छ । त्यसैले भूमि अधिकारको कुरा गर्दा तलका सवाललाई बिर्सनुहुँदैन-

१.पहिलो अधिकार : नेपाली नागरिक भएपछि स्वतन्त्रपूर्वक बाँच्न पाउनु हरेक नेपालीको अधिकार हो । कुनै पनि मानिसलाई आफ्नै भूमिमा जन्मिने इच्छा हुन्छ । मानिस सधैं अरुको जमिनमा जन्मने, अरुकै जमिनमा हुर्कने र अरुकै जमिनमा मर्ने प्रथा अन्त्य हुनुपर्छ । आफू बसेको तथा आफूले भोगचलन गरेको

भूमि पाउनु हरेक नेपालीको पहिलो अधिकार हो ।

२.नागरिकता : नेपाली भएर जन्मिएपछि उसको छुट्टै पहिचान हुनु जरुरी छ । देशको राष्ट्रियता भौगोलिक आधारमा मात्र हेरिनुहुँदैन । कुनै पनि मानिसलाई कुन देशको भनेर चिन्नका लागि नागरिकता हुनु जरुरी छ । नेपालमा अरु केही प्रमाण नभए जग्गाधनी पूर्जालाई आधार मानेर नागरिकता दिइन्छ । भूमि प्राप्त गर्नेलाई स्वतन्त्र पहिचान र राष्ट्रियतासँग जोडेर हेरिनुपर्छ ।

३.सामाजिक सुरक्षा : मानिस स्वतन्त्रपूर्वक बाँच्न चाहन्छ । यहाँका भूमि अधिकारबाट वञ्चितहरु कि जमिनमा कि त ऐलानीमा वा सार्वजनिक जमिनमा बसोबास गर्छन् । आफ्नै जमिनमा घर बनाएर बस्ने मानिसलाई सरकार वा साहूले घर भत्काइदेला भन्ने हुँदैन । नेपालमा पनि बेलाबेलामा साहू महाजन, जमिनदार र सरकारले भूमिहीन तथा सुकम्बासीको घर भत्काएको सुन्दै र भोग्दै आएका छौं । हरेक नेपालीले नेपालमा सुरक्षित छु भन्नका खातिर उसको आफ्नै जमिन हुनु जरुरी छ । कुनै पनि मानिसले सुरक्षितरुपले जीवन बिताउन पाउनुपर्छ । त्यसैले भूमि अधिकारलाई सामाजिक सुरक्षा र सुरक्षित घरबासको दृष्टिकोणबाट समेत हेरिनुपर्छ ।

४.सामाजिक न्याय : गरिबीको रेखामुनि पर्नु र भूमिहीन हुनु कुनै दैवीको दोष होइन । यो त प्राकृतिक स्रोत र साधनको न्यायोचित वितरण नहुनाको परिणाम हो । नेपाली समाजमा जग्गा-जमिनलाई हेरेर ऊप्रतिको दृष्टिकोण बनाइन्छ । गरिब तथा सुकुम्बासीले दुःख गरेर आफ्ना छोराछोरीलाई विद्यालय पढाउन वा आफूले राम्रो लगाउन वा गाउँको कुनै कचहरीमा आफ्ना कुरा राख्न थाले भने हेयको दृष्टिकोणले हेरिन्छ । गरिव तथा सुकुम्बासीले कुनै सभा बैठकमा भाग लिन सक्ने अवस्था छैन । यस्तो प्रथा अन्त्य हुनु जरुरी छ । त्यसैले भूमि अधिकारलाई सामाजिक न्यायका हिसाबले समेत हेरिनुपर्छ ।

**हरेक नेपालीले नेपालमा सुरक्षित छु भन्नका खातिर उसको आफ्नै जमिन हुनु जरुरी छ । कुनै पनि मानिसले सुरक्षितरुपले जीवन बिताउन पाउनुपर्छ । त्यसैले भूमि अधिकारलाई सामाजिक सुरक्षा र सुरक्षित घरबासको दृष्टिकोणबाट समेत हेरिनुपर्छ ।**

५. विकासमा सहभागिता र पहुँच : सरकारले नागरिकका लागि सडक, खानेपानी, विद्युत, टेलिफोन जस्ता सेवा सुविधा प्रदान गरेको छ । ती सेवा सुविधा पाउन जग्गाधनी पूर्जा हुन जरुरी छ । जबकि सरकारले सबै नागरिकबाट उसको आयस्रोतको आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष कर असुल गर्छ । दैनिक ज्याला मजदुरी तथा अरुको जमिनमा काम गरेर जीवन गुजारा गर्ने परिवारको गाउँघरको विकासमा पहुँच हुँदैन भने विकास निर्माणको काममा सहभागिता जनाउन पनि सक्दैनन् । त्यसले भूमि अधिकार पाउनु भनेको सबै नेपालीले विकासमा सहभागिता र सेवा सुविधामा पहुँच पुऱ्याउनु पनि हो ।

६.वित्तीय सेवामा पहुँच : सरकारले गरिबी निवारण गर्न विभिन्नखालका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । सरकारले कृषि, पशुपालन, तरकारी खेती तथा नगदेबालीका लागि ऋण दिने गर्छ । तर गरिब, सुकुम्बासी तथा भूमिहीनले चाहिँ जग्गा नभएकै कारण ऋण पाउँदैनन् । सरकारी वित्तीय सेवामा उनीहरुको पहुँच यही कारण छैन । भूमि अधिकारको कुरा गर्दा वित्तीय सेवामा पहुँच पुऱ्याउनु पनि हो भन्ने भुल्नुहुँदैन ।

७. खाद्य सुरक्षा : ५० प्रतिशत नेपालीको घरमा ६ महिना पनि खान पुग्दैन । सधैं अरुको भरमा बाँच्नुपर्ने बाध्यता छ । यो अवस्था अन्त्य हुनु जरुरी छ । त्यसैले भूमि अधिकारको लडाई खाद्य अधिकारको लडाई पनि हो । जो खेती गर्दैन, उसको घरमा मङ्सिरमा धान भित्रिन्छ तर खेती गर्ने सुकुम्बासी तथा साना किसानको घरमा धान हुँदैन । वर्षभर खेती गर्ने हरेक किसानको घरमा खाने चामल होस् भनी भूमि अधिकार खोजिएको हो ।

८.कृषि उद्योग : नेपाल कृषि प्रधान देश हो । सरकारले हालसम्म २० वर्षे कृषि नीति बनाएको छ र १० वर्षे कृषि नीति पनि बनाउँदैछ । तर यसलाई उद्योगको रुपमा भने विकास गरिएको छैन । कृषिलाई उद्योगका रुपमा विकास गर्न सके साना सिँचाइ, कृषि सडक, लघुवित्त, साना सहकारी, सर्वसुलभ ऋण उपलब्ध गराउन सकिन्छ । त्यसबाट कृषिमा आधारित अर्धबेरोजगार जनसङ्ख्याले पूर्ण रोजगारी प्राप्त गर्न सक्छन् । कृषिलाई उद्योगका रुपमा विकास गर्न पनि भूमि अधिकार जरुरी छ ।

९.भोकमरी अन्त्य गर्न : सहस्राब्दी विकास लक्ष्यको प्रथम लक्ष्यमा सरकारले सन् २०१५ सम्ममा अति गरिबी तथा भोक न्युनीकरण गर्ने भनेको छ । सबै नागरिकलाई खाना व्यवस्था गर्नु वा गरिबीको चपेटामा परेका नागरिकलाई मुक्ति दिनु सरकारको पहिलो दायित्व हो । तर केही सीमित मानिसले कब्जामा राखेको जमिन सरकारले भूमि सुधारको बाटोबाट कब्जा गर्ने कार्य गरेको छैन । जो जमिनमा काम गर्छ ऊ भोकै छ । नेपालमा पनि सुकुम्बासी, हलिया, हरुवाचरुवा, मुक्त कमैया र दलितहरु नै भोकमरीको चपेटामा छन् । सबै नेपालीले भरपेट खान पाउनु उसको आधारभूत अधिकार हो । भूमिको न्यायोचित वितरण नगरी भोकमरी अन्त्य गर्न सकिँदैन । भोकविरुद्धको लडाईमा सफलता प्राप्त गर्न यसर्थ पनि भूमि अधिकार प्राप्ति जरुरी छ । ●

# जोताहा मोहीहरुको घोषणापत्र

बाँके, बर्दिया, सुर्खेत र दैलेख जिल्लामा बसोबास गर्ने जोताहा, मोहीको सम्मेलन २०६८ पुस २४ र २५ गते नेपालगञ्जमा सम्पन्न भयो। अर्काको जमिनमा रातदिन पसिना बगाउँदा पनि सधैं खान लाउन धौ धौ भइरहने अत्यन्तै विपन्न वर्गका रुपमा परिचित जोताहा मोहीले पुनः एक पटक आफ्ना अधिकारबारे छलफल गरे। प्रतिनिधि र पर्यवेक्षक गरी ३०० को सहभागिता रहेको सम्मेलनमा जोताहा मोहीले वर्तमानमा भोग्नुपरेका समस्या र लिनुपर्ने अडानको समीक्षा गर्दै यस्तो घोषणापत्र जारी गरे –

१. बाँके, बर्दिया, सुर्खेत र दैलेखमा जोताहा मोहीलाई बेदखल गर्ने कार्य तीव्र भएकाले सो कार्य अविलम्ब रोकी बेदखल गर्नेलाई कडा कारबाहीको माग गर्छ।

२. संवैधानिक समितिअन्तर्गतको उपसमितिले संविधान र भूमि सुधार विषयमा मौलिक हकको सम्पत्तिसम्बन्धी व्यवस्थामा भूमि स्रोतबारे केही पनि उल्लेख नगर्ने, भूमिलगायत्का सम्पत्तिमा हदबन्दी नलगाउने, हदवन्दीभन्दा माथिको जमिनको क्षतिपूर्ति दिने भनी गरेको निर्णयप्रति खेद प्रकट गर्दै संविधानमा भूमि सुधारको सवाल राख्न यो सम्मेलन जोडदार माग गर्छ।

३. २०६४ सालदेखि रोक्का भएको मोही बाँडफाँटको व्यवस्थालाई खुल्ला गर्न जोडदार माग गर्छ।

४. वर्षौंदेखि जोतभोग गर्दै आएका जोताहा मोहीको हक सुरक्षाका लागि यथाशीघ्र जोताहा लगत सङ्कलन गर्न सरकारसँग अनुरोध गर्छ।

५. बाँके, बर्दिया, धनुषालगायत् देशका विभिन्न ठाउँका बस्तीमा आगो लगाउने, बस्ती विस्थापन गराउने जस्ता अमानवीय कार्य रोकी वैकल्पिक व्यवस्था नहुँदासम्म यस्तो कार्य बन्द गरियोस्।

६. वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय भूमि सुधार आयोगले पेश गरेका प्रतिवेदन यथाशीघ्र कार्यान्वयन गरियोस्।

# बेदर्तावाल मोहीको चित्कार

हामी जमिनमा जोतभोग गरी जीविकोपार्जन गर्दै आइरहेका परिश्रमी जोताहा किसान हौं। भूमिलाई उर्वर बनाएर त्यसमा अनाज फलाउँदै पूर्खाका जीवन बिते। हामी पनि यही माटोमा रगत पसिना पोखिरहेका छौं। बाँके, बर्दिया र सुर्खेतमा मात्र मोहीको सङ्ख्या ८ हजार २ सय २० छ। एक दशकभन्दा बढी जग्गा जोत्दै आएका तर मोहियानी हकबाट वञ्चित जोताहाको सङ्ख्या दर्तावाल भनिएका मोहीभन्दा अझ बढी छ।

जिल्ला भूमि अधिकार मञ्च, बाँके, बर्दिया र सुर्खेतका अध्यक्षहरुले भूमि सुधार तथा व्यवस्था राज्य मन्त्रीलाई २०६८ पुस २४ गते बुझाएका ज्ञापनपत्रमा भनिएको कुरा हो यो।

ज्ञापनपत्रमा जोताहा/मोहीले जानेको खेती गर्न हो भन्दै जीवन धान्ने माध्यम अरु नभएको पनि उल्लेख छ। आफूले नखाएर नलाएर भए पनि अरुको जमिनमा काम गर्दै आइरहेका छौं भन्दै यति हुँदा पनि हामी बसेको सानो झुप्रो कहिल्यै हाँस्न सकेन भन्ने गुनासो पनि मन्त्रीलाई सुनाइएको छ। 'अन्न फलाउछौं तर हाम्रै छोराछोरी कुपोषित छन्, पेटभरी खान नपाएपछि शिक्षा, स्वास्थ्य जस्ता कुरा त त्यसै ओझेलमा पर्दारहेछन्'- उनीहरुले भनेका छन्।

बाँकेका अध्यक्ष छोटेलाल रैदास, बर्दियाका अध्यक्ष केशबहादुर बिक र सुर्खेतका अध्यक्ष पहलसिंह पराई मगरले हस्ताक्षर गरेका उक्त ज्ञापनपत्रमा ०६२/०६३ बाट देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भइसक्दा पनि आफूहरुको अवस्थामा भने कुनै परिवर्तन नआएको उल्लेख छ।

२०५३ अघिसम्म कमसेकम अर्काको जमिनमा त जोतेर खान पाएका थियौ भन्दै उनीहरुले तर अहिले त जोतिरहेको जमिनबाट समेत बेदखल हुनुपरेको छ भन्ने गुनासो पनि गरेका छन्।

'मोही प्रमाण नभएका त खेतालाको रुपमा बाँचेका छौं, मोही प्रमाण भएकालाई पनि विभिन्न बहानामा निकालिसके, जिउँदो मोहीलाई मरेको गराई लगत कट्टा गराउनेसम्मका जालझेल व्यहोरेका छौं, ०६३ सालदेखि बाँडफाँटको निवेदन गर्ने ठाउँ बन्द गरिएको छ'- उनीहरुले भनेका छन्।

भूमि अधिकार मञ्च, स्थानीय निकाय र भूमि सुधार अधिकारी परिचालन गरेर जीविकाका लागि अरुको जमिन जोतिरहेका जोताहाहरुको यथाशीघ्र लगत लिनुपर्ने, स्थानीय सर्जमिनका आधारमा कम्तिमा ३ वर्षदेखि जोतभोग गरेका जोताहालाई मोहियानी हक प्रदान गर्नुपर्ने, कानुनी अड्चन देखाई रोक्का गरिएको मोही बाँडफाँटका लागि निवेदन पेश गर्ने र छिनोफानो गर्ने कार्यलाई तुरुन्त फुक्का गरिनुपर्ने, जग्गा कमाउन दिँदा र लिँदा अनिवार्य कवुलियतनामा गरी गाविसमा दर्ता गर्नुपर्ने र बाली बुझेपछि अनिवार्य भर्पाई दिने व्यवस्था गर्नुपर्ने जस्ता ९ सूत्रीय माग पनि उनीहरुले पेश गरेका छन्। ●

अन्तर्वार्ता

# जनमुखी शिक्षाविना सभ्य र समृद्ध समाज सम्भव छैन



साइमन रोद्रिगेज, भेनेजुयलामा जन्मिएका हुन् । उनी दक्षिण अमेरिकामा मुक्तियोद्धा एवम् शिक्षाकर्मी थिए । उनीसँग प्रौढ शिक्षासम्बन्धी ल्याटिन अमेरिकन परिषद् प्रकाशनका लागि लिइएको अन्तर्वार्ताको अनौपचारिक अनुवाद ।

***जनमुखी शिक्षा किन महत्वपूर्ण छ ?***

जनमुखी शिक्षाविना सभ्य, समृद्द र न्यायिक समाज सम्भव नै छैन ।

***जनमुखी शिक्षाको उद्देश्यचाहिँ ?***

नागरिकलाई सचेत बनाउनु । कामलाग्दो तुल्याउनु । उपयोगी मानिस जो आफ्नो राष्ट्र निर्माणमा योगदान गर्न सकून् । स्वतन्त्र भएर बाँच्न सकून् ।

***के सबैलाई उत्तिकै शिक्षा चाहिन्छ त ?***

प्रत्येकलाई आधारभूत शिक्षा चाहिन्छ नै । शिक्षाको पहिलो बत्तिविना बाँकी संसारलाई जान्ने, चिन्ने र ज्ञान निर्माण गर्ने ढोका नै बन्द हुन्छ । बच्चाले सानैमा असल शिक्षा पाउन सकेमा जिन्दगीभर उनीहरु सक्षम भएर बाँच्छन् ।

***जनमुखी शिक्षाले कसरी समाज रुपान्तरण हुन्छ त ?***

कसरी गर्ने भन्ने थाहा नपाउन्जेल कसैले पनि केही असल गर्न सक्दैन । ज्ञान सिप कमजोर भएको समाजमा जुनसुकै व्यवस्था ल्याए पनि परिवर्तन आउँदैन । तसर्थ समाजलाई रुपान्तरण गर्ने हो भने बच्चादेखि वृद्धसम्मले असल शिक्षा लिनुपर्छ ।

***शिक्षण के हो ?***

आदेश/सूचना दिनु शिक्षण हैन । प्रक्रियामा सहजीकरण गर्नु ताकि व्यक्तिले आफै खोजेर ज्ञान, सिप प्राप्त गरोस् । मानिसलाई सोच्न सक्ने बनाओस् ।

***शिक्षक को हो ?***

शिक्षक त्यो हो, जसले कसरी सिक्न सकिन्छ भनेर बुझाउन सक्छन् । अथवा अरुलाई कसरी सिक्ने भनेर सिकाउन सक्ने नै शिक्षक हो । जसले कुनै पनि काम किन गर्ने भन्ने ठम्याउदैन अथवा त्यसको औचित्य बुझ्दैन, उसले त्यो काम प्रभावकारीरुपमा गर्नै सक्दैन् ।

*(साभारः सीइएएल)*

# संयूक्त पूर्जाले खुसीयाली

चैत १ गते सिन्धुपाल्चोकको मेलम्चीमा भरखर विवाहीतदेखि उमेरले ७० काटेका दम्पती समेत भेला थिए । अघिपछि यस्तै कार्यक्रममा प्रायस एक्लै हिंड्नेहरु यसपटक सँगै । जिल्ला भूमि अधिकार मञ्चले संयुक्त पूर्जा (पति र पत्निको सगोल) वितरण कार्यक्रम राखेको थियो । भूमिको संघर्षमा वर्षौंदेखी संर्घषरत मोही र साना किसानहरुले केही वर्षअघि जग्गा प्राप्त गरेका थिए । त्यतिखेर पूर्जा पुरुष सदस्यको नाममा बन्यो । खेतीपातीको काममा रातदिन घोटिने महिलाहरु भने फेरि बञ्चित । उनिहरुको यात्रा रोकिएन-महिलाले पनि भूमिमा अधिकार पाउनुपर्छ भन्ने संघर्षमा लागिरहे । आन्दोलनकै दवावमा सरकारले २०६८/०६९ को बजेटमा पतिको नाममा भएको घर जग्गामा पत्नीको नाम समावेश गर्दा सय रुपैयाँ राजस्व तिरेर गर्न सकिने नीति ल्यायो । यसपछि सयमा संयूक्त पूर्जा अभियान नै शुरु भएको छ ।

सिन्धुपाल्चोकमा किउल, ईचोक, बाँडेगाउँ, भीमटार, नवलपुर, फुल्पिङकोट र राम्चे गाविसका ७० परिवारले संयुक्त पूर्जा बनाएका छन् । जिल्ला भूमिअधिकार मञ्च, सिन्धुपाल्चोकले मेलम्चीमा संविधान सभा सदस्य उषाकला राईको प्रमुख आतिथ्यमा ७० परिवार पति पत्नीलाई अभिनन्दन गरी संयुक्त पूर्जा वितरण गरियो ।

रातो लालपूर्जा महिलाहरुले लिन पाउँदा खुशी थिए भने पुरुषहरु पनि नमूना जोडीको रुपमा अभिनन्दन हुन पाउँदा दङ्ग देखिन्थे । संयुक्त पूर्जा बनायकी सन्चमाया तामाङ भन्छिन् - 'आन्दोलनमा लागेर मोहीयानी हक पाईयो, पूर्जामा आफ्नो नाम पनि राख्न पाउँदा झनै ढुक्क महशुष गरेकी छु ।' पाका शिव प्रसाद ढकालले पत्नी दल कुमारीलाई रातो पुर्जा थमाउँदै भने खेतीको काम धेरै गर्ने तिमी नै हौ ल पूर्जा पनि राख । ●



# कसरी सिर्जना भयो सोमालियामा भोकमरी ?



■ रघुनाथ लामिछाने

**सोमालियाका केही बासिन्दाले माछा चोर्न आउने विदेशीका जहाजमा आँखा लगाउन थाले । उनीहरुले यस्ता जहाजमा लुटपाट गर्ने र फिरौती लिने गरे । जसलाई समुद्री लुटेरा भनिन थालियो । अहिले सोमालियामा यस्तै काममा संलग्न समुद्री लुटेराबाहेक सबैको हालत दयनीय छ । यसरी आफ्नै देशका माछा लुटिने तर आफूले भने खान नपाउने भएपछि भोकमरी बढ्यो ।**

२१ वर्षअघि अर्थात् सन् १९९१ मा सोमालियामा त्यहाँका शासकविरुद्ध आन्दोलन भयो । आन्दोलनले मोहमद सियाद बार नामक शासकलाई सत्ताच्युत गरायो । आन्दोलनले उनलाई सत्ताबाट त फ्याँक्यो तर राजनीतिक स्थिरता भने कायम हुन सकेन । त्यहीँबाट सोमालियामा सुरु भएको अस्थिरता नै अहिलेसम्म पनि भोकमरीको प्रमुख कारण बनिरहेको छ ।

ती शासक फ्याँकिएपछि विभिन्न समूहले सत्ता हात पार्न प्रयास गरे । कसैले कसैलाई नमान्ने अवस्था बन्यो । यही कारण मुलुकभर द्वन्द्व उत्पन्न भयो । संयुक्त राष्ट्र सङ्घको समर्थनमा सङ्क्रमणकालीन सरकार बनाइयो । यस्तो सरकार बनेपछि त्यसलाई सबैले मान्छन् भन्ने सोचिएको थियो । तर त्यो सोच गलत सावित भयो । उसलाई कसैले मानेनन् ।

यस्तो गन्जागोल स्थितिको असर सोझै कृषिमा पर्‍यो । कृषिमै निर्भर यो मुलुकको अर्थतन्त्र यही कारण ध्वस्त हुन थाल्यो । सबैको उद्देश्य कसरी सत्ता प्राप्त गर्ने भन्नेमा केन्द्रित रहेकाले कृषि र अर्थतन्त्र डाँवाडोल भएकोप्रति कसैको पनि ध्यान गएन । सरकार पनि भिडन्तहरु रोक्नेतर्फ केन्द्रित भयो । आफ्नो वर्चश्व बढीभन्दा बढी क्षेत्रमा कायम गराउने होडमा सबै लागेकाले स्थिति झन् झन् जर्जर बन्न पुग्यो ।

सोमालियामै पनि अल सबाब नामक समूहको नियन्त्रणमा रहेको दक्षिणी क्षेत्र भोकमरीबाट सबैभन्दा बढी ग्रसित छ । एक त यहाँ खाद्यान्न उत्पादन गर्ने अवस्था नै छैन भने अर्कोतर्फ संयुक्त राष्ट्र सङ्घ र अन्य सहयोगी संस्थाले उपलब्ध गराएको खाद्यान्न पनि उसले आउन दिएको छैन । पश्चिमा मुलुकहरुप्रति रिस उठेकाले उसले यसरी खाद्यान्न भित्र्याउन नदिएको हो । जसको मार भने सोझै भोकमरीग्रस्त जमातसामु परेको छ ।

द्वन्द्वमा फसे पनि खाद्यान्न अभाव हुन नपाएका मुलुक विश्वमा थुप्रै छन् । तर सोमालिया भने पृथक बन्यो यो मामिलामा । अफ्रिकाकै सबैभन्दा ठूलो समुद्री तट सोमालियामै छ । त्यसैले यहाँ प्रशस्त माछा उत्पादन हुन्छ । जब मुलुक गृहयुद्धमा फस्यो, यहाँका माछामा विदेशीका आँखा पर्न थाले । माछा कृषकहरु आफ्ना माछा बचाउन उनीहरुसँग प्रतिरोधमा उत्रे पनि देश नै कमजोर भएकाले केही लागेन ।

त्यसपछि सोमालियाका केही बासिन्दाले माछा चोर्न आउने विदेशीका जहाजमा आँखा लगाउन थाले । उनीहरुले यस्ता जहाजमा लुटपाट गर्ने र फिरौती लिने गरे । जसलाई समुद्री लुटेरा भनिन थालियो । अहिले सोमालियामा यस्तै काममा संलग्न समुद्री लुटेराबाहेक सबैको हालत दयनीय छ । यसरी आफ्नै देशका माछा लुटिने तर आफूले भने खान नपाउने भएपछि भोकमरी बढ्यो ।

सुगन्धित सामग्री उत्पादनमा पनि सोमालिया अगाडि नै छ । तर संयुक्त राष्ट्र सङ्घ र अन्य सहयोगी राष्ट्रहरुले यसतर्फ ध्यान दिन नसकेकाले उनीहरु भोकै

बाँच्नुपर्ने अवस्था यद्यपि कायम छ। विभिन्न चिरामा विभाजित विद्रोहीहरु बढीभन्दा बढी भूभागको शासक बन्न खोज्ने र यस्ता संस्थाचाहिँ आफूले गठन गरेको सरकारलाई शक्तिशाली बनाउन लागिपर्ने अवस्थाले उनीहरुलाई भोकमरीबाट मुक्त गराउने सकिने उपाय अवलम्बन हुन सकेको छैन।

एकातिर प्रशस्त माछा र सुगन्धित सामग्री छ यहाँ भने अर्कोतिर भोकमरी पनि बढिरहेको छ। यी दुई चिजलाई मात्र व्यवस्थापन गर्न सकिए यहाँको भोकमरी अन्त्य हुने सम्भावना पनि उत्तिकै छ। तर विकसित देशहरु भने समस्याको यो कारणतिर गइरहेका छैनन्। उनीहरु भोकमरीग्रस्त सोमालियाबासीका लागि खाद्यान्न कसरी जोहो गर्ने भन्दा पनि समुद्री तटमा हुने लुटाई कम गराउन अरबौं खर्चिरहेका छन्। किनकि ती जहाज यिनै देशका

**भोकमरीबाहेक पनि थुप्रै समस्याबाट अहिले सोमालिया ग्रसित छ। कमजोर अवस्था भएकाले वैदेशिक हस्तक्षेप व्यापक छ। विदेशीले थुपारेका फोहोरका कारण उत्पन्न रोगव्याधी उत्तिकै फैलिएको छ। यस्तो अवस्थामा उपचार गर्न सक्ने हैसियत पनि छैन। साथै घोषित आपराधिक स्वशासन क्षेत्रका पीडा पनि उनीहरुले भोगिरहेका समस्यामध्ये पर्छ।**



हुने गर्छन्।

त्यहाँका माछा र अन्य उत्पादनमा स्थानीयकै अग्राधिकार कायम गर्ने, सम्भाव्य कृषि उत्पादन बढाउने, खाद्यान्न सञ्चिति गर्न लगाउने जस्ता वैकल्पिक उपायले सोमालियाको भोकमरी सकिने सम्भावना रहन्छ तर यसतर्फ भन्दा पनि सत्तातर्फ नै सबैको ध्यान जानुले समस्या झन् विकराल बनिरहेको छ।

यही कारण अहिले त्यहाँका १४ लाख बालबालिका पर्याप्त र उचित खानेकुराको अभावमा कुपोषणबाट ग्रस्त छन्। भोकमरीकै कारण ५ लाखभन्दा बढीको मृत्यु भइसकेको अनुमान छ। त्यसैगरी मुलुकभरका १ करोडमध्ये २० प्रतिशतभन्दा बढी जनता भोको जीवन जीवन बिताउन बाध्य छन्। हरेक दिन यही कारण कम्तिमा २ जनाको मृत्यु हुने गरेको छ। खानकै अभावका कारण ८ लाख मानिस देशै छाडेर बाहिरिइसकेका छन्। शरणार्थीका रुपमा यसरी देश छाड्न विवशहरुले अन्यत्र पनि दुःख पाइरहनुपरेको छ।

भोकमरीबाहेक पनि थुप्रै समस्याबाट अहिले सोमालिया ग्रसित छ। कमजोर अवस्था भएकाले वैदेशिक हस्तक्षेप व्यापक छ। विदेशीले थुपारेका फोहोरका कारण उत्पन्न रोगव्याधी उत्तिकै फैलिएको छ। यस्तो अवस्थामा उपचार गर्न सक्ने हैसियत पनि छैन। साथै घोषित आपराधिक स्वशासन क्षेत्रका पीडा पनि उनीहरुले भोगिरहेका समस्यामध्ये पर्छ।

अझ अर्को डरलाग्दो खबर त के भने संयुक्त राष्ट्र सङ्घले केही समयअघिमात्र आगामी चार महिनाभित्र पर्याप्त सहयोग जुटेन भने सोमालियाका साँढे सात लाख मानिसले खाद्यान्न अभावकै कारण मर्ने चेतावनी दिएको थियो। तत्काललाई यो समस्या टार्नका लागि करिब एक अर्ब डलर चाहिने पनि उसको भनाई थियो। र, दक्षिणी क्षेत्रमा भोकमरी समस्या विकराल रहेको भनाई पनि उसले सार्वजनिक गरेको थियो। ●

बाँच्नुपर्ने अवस्था यद्यपि कायम छ। विभिन्न चिरामा विभाजित विद्रोहीहरु बढीभन्दा बढी भूभागको शासक बन्न खोज्ने र यस्ता संस्थाचाहिँ आफूले गठन गरेको सरकारलाई शक्तिशाली बनाउन लागिपर्ने अवस्थाले उनीहरुलाई भोकमरीबाट मुक्त गराउने सकिने उपाय अवलम्बन हुन सकेको छैन।

एकातिर प्रशस्त माछा र सुगन्धित सामग्री छ यहाँ भने अर्कोतिर भोकमरी पनि बढिरहेको छ। यी दुई चिजलाई मात्र व्यवस्थापन गर्न सकिए यहाँको भोकमरी अन्त्य हुने सम्भावना पनि उत्तिकै छ। तर विकसित देशहरु भने समस्याको यो कारणतिर गइरहेका छैनन्। उनीहरु भोकमरीग्रस्त सोमालियाबासीका लागि खाद्यान्न कसरी जोहो गर्ने भन्दा पनि समुद्री तटमा हुने लुटाई कम गराउन अरबौं खर्चिरहेका छन्। किनकि ती जहाज यिनै देशका हुने गर्छन्।

**भोकमरीबाहेक पनि थुप्रै समस्याबाट अहिले सोमालिया ग्रसित छ। कमजोर अवस्था भएकाले वैदेशिक हस्तक्षेप व्यापक छ। विदेशीले थुपारेका फोहोरका कारण उत्पन्न रोगव्याधी उत्तिकै फैलिएको छ। यस्तो अवस्थामा उपचार गर्न सक्ने हैसियत पनि छैन। साथै घोषित आपराधिक स्वशासन क्षेत्रका पीडा पनि उनीहरुले भोगिरहेका समस्यामध्ये पर्छ।**



त्यहाँका माछा र अन्य उत्पादनमा स्थानीयकै अग्राधिकार कायम गर्ने, सम्भाव्य कृषि उत्पादन बढाउने, खाद्यान्न सञ्चिति गर्न लगाउने जस्ता वैकल्पिक उपायले सोमालियाको भोकमरी सकिने सम्भावना रहन्छ तर यसतर्फ भन्दा पनि सत्तातर्फ नै सबैको ध्यान जानुले समस्या झन् विकराल बनिरहेको छ।

यही कारण अहिले त्यहाँका १४ लाख बालबालिका पर्याप्त र उचित खानेकुराको अभावमा कुपोषणबाट ग्रस्त छन्। भोकमरीकै कारण ५ लाखभन्दा बढीको मृत्यु भइसकेको अनुमान छ। त्यसैगरी मुलुकभरका १ करोडमध्ये २० प्रतिशतभन्दा बढी जनता भोको जीवन जीवन बिताउन बाध्य छन्। हरेक दिन यही कारण कम्तिमा २ जनाको मृत्यु हुने गरेको छ। खानकै अभावका कारण ८ लाख मानिस देशै छाडेर बाहिरिइसकेका छन्। शरणार्थीका रुपमा यसरी देश छाड्न विवशहरुले अन्यत्र पनि दुःख पाइरहनुपरेको छ।

भोकमरीबाहेक पनि थुप्रै समस्याबाट अहिले सोमालिया ग्रसित छ। कमजोर अवस्था भएकाले वैदेशिक हस्तक्षेप व्यापक छ। विदेशीले थुपारेका फोहोरका कारण उत्पन्न रोगव्याधी उत्तिकै फैलिएको छ। यस्तो अवस्थामा उपचार गर्न सक्ने हैसियत पनि छैन। साथै घोषित आपराधिक स्वशासन क्षेत्रका पीडा पनि उनीहरुले भोगिरहेका समस्यामध्ये पर्छ।

अझ अर्को डरलाग्दो खबर त के भने संयुक्त राष्ट्र सङ्घले केही समयअघिमात्र आगामी चार महिनाभित्र पर्याप्त सहयोग जुटेन भने सोमालियाका साँढे सात लाख मानिसले खाद्यान्न अभावकै कारण मर्ने चेतावनी दिएको थियो। तत्काललाई यो समस्या टार्नका लागि करिब एक अर्ब डलर चाहिने पनि उसको भनाई थियो। र, दक्षिणी क्षेत्रमा भोकमरी समस्या विकराल रहेको भनाई पनि उसले सार्वजनिक गरेको थियो। ●

# होण्डुरसकी महिलाको हृदयको आवाज



■ ज्योति साशंकर

मध्य अमेरिकी देश होण्डुरसकी साहसी महिला एल्भिया अल्भारादोको सङ्घर्षका कथाले भरिएको पुस्तक पढ्दा उनको मात्र नभएर सम्पूर्ण गरिब र उत्पीडित जनताको जीवन सङ्घर्ष पढिन्छ । घरेलु काममा रुमलिएकी एल्भियामा चेतना जागृत भएपछि कसरी आफ्नो व्यक्तिगत जीवनका साथै सिङ्गै राष्ट्रलाई प्रभावित पार्न सक्छिन् भन्ने कुरालाई पुस्तकमा अत्यन्तै मार्मिकरुपमा प्रस्तुत गरिएको छ ।

एल्भियाले भोगेको दुःख भनिसाध्य छैन । कुपोषणविरुद्ध सङ्गठित अभियान चलाउनका लागि गाउँगाउँमा स्वास्थ्य कार्यकर्ताका रुपमा खटिएकी एल्भियाले आमा सङ्गठनहरुमा भिटामिन बाँड्ने काम गरिन् । यस क्रममा मनमा उब्जिएका विभिन्न प्रश्नको उत्तर खोज्ने क्रममा उनको चेतना झन् झन् बढेको पाइन्छ । आफैं अन्न उब्जाउने किसान नै किन कुपोषित ? भन्ने प्रश्नले उनलाई निकै सोच्न बाध्य बनाएको थियो । आमा क्लबहरुमा काम गर्दा महिला कति महत्वपूर्ण छन् र सङ्गठित हुनु किन जरुरी छ भन्ने कुराबारे ज्ञान हासिल गरेको देखिन्छ ।

होण्डुरसका गाउँ-गाउँमा यात्रा गर्दै, त्यहाँका किसानलाई भेट्दै, कुराकानी गर्दै, उनीहरुका समस्या बुझ्दै र समाधानका उपाय खोज्दै जाने क्रममा उनी सङ्गठनको नेतृत्व गर्ने महिला बनिन् । उनले सङ्गठनमा लागेपछि समाजमा उपल्लो वर्ग, मध्यम वर्ग र तल्लो वर्ग हुँदारहेछन् भन्ने कुरा बुझिन् । प्रगतिको बाटोमा सबभन्दा ठूलो बाधा किसानहरुसँग अनाज उब्जाउने जमिन नहुनु हो भन्ने पनि ठम्याइन् ।

एल्भिया आफू र आफूजस्तै किसानको हक अधिकारका लागि जमिनदारबाट किसानको जमिन फिर्ता लिनका लागि भएका मुठभेडमा गुण्डा र सिपाहीबाट पटकपटक यातना भोगेकी र अनेकौ पटक गिरफ्तार भएकी थिइन । तर पनि उनले हार मानिनन् र निरन्तर सङ्घर्षमा जुटिरहिन । किसानलाई भड्काउन विभिन्न दाउपेच खेलिएको थियो तर पनि किसान कुनै पनि लोभलालचमा नपरी सबै एकजुट भएर सङ्घर्षमा लागिरहे ।

पुस्तकबाट सिक्ने मुख्य कुरा भनेको पीडित वर्ग नै एकजुट भएर अधिकारका लागि जस्तोसुकै बाधा अड्चन आए पनि नहडबढाई दृढ विश्वासका साथ सङ्घर्ष गर्दै जाने हो भने अधिकार पाएरै छाडिन्छ भन्ने हो । गरिवी र अन्यायको विरोध, जसमा किसानले भूमि पाउनका लागि गरेका सङ्घर्षले भरिएकाले पुस्तक अति चाखलाग्दो छ । यो भूमि आन्दोलनमा लागेकाले नपढी नहुने पुस्तक पनि हो । मेडिया बेन्जामिनद्वारा लेखिएको पुस्तकलाई खगेन्द्र सङ्ग्रौलाले नेपालीमा अनुवाद गरेर पढौंपढौं लाग्ने बनाएका छन् ।

**पुस्तकका महत्वपूर्ण बुँदा :**

- आमा क्लबले मेरो आँखामा अर्को संसारको ढोका खोलिदिएको थियो । एउटा त्यस्तो संसार, जहाँ मानिस एकजुट भएर स्थितिमा हेरफेर ल्याउन कोसिस गर्छन् ।
- ए गफाडी हो ! तपाईंहरु आफ्ना स्वास्नीलाई थुनेका पिञ्जराका ताल्चा खोलेर तिनलाई पिञ्जराबाहिर निस्कन किन दिनुहुन्न, हँ ?
- "यहाँको जम्मै पैसा सेनालाई जान्छ । अनि हामी गरिब होन्डुरसबासीको हविगत कस्तो छ ? हामी कुपोषणग्रस्त छौं, हाम्रो खोप्री खाने माटो छैन, हाम्रा रोजगारी छैनन्, हामी शिक्षाबाट वञ्चित भएका छौं । के यो प्रजातन्त्र हो ?"
- किसानले चाहेको चीज त जमिन हो, रोजगारी हो, युद्ध हुँदै होइन । युद्धको एकमात्र अर्थ के हो भने थुप्रो गरिब मानिसको ज्यान जान्छ ।
- सङ्गठित भएका किसान नै जीवनबारे बढी गहिरो बुझाई भएका मानिस हुन् किनभने तिनको सिक्ने माध्यम भनेका किसान सङ्गठन नै हुन् ।
- तपाईं पत्रपत्रिकामा किसानले फलानो जमिनमाथि धावा बोले भन्ने खबर पढ्नुहुन्छ । त्यो साँचो होइन । हामी जमिनमाथि धावा बोल्दैनौं, हामी त कानुनी हिसाबले हाम्रो भागमा परेको तर ठूला जमिनदार वा विदेशी कम्पनीले धावा बोलेको जमिन फिर्तामात्र लिन्छौं ।
- "जब किसानले सङ्गठित भएर खेती गर्न एक टुक्रा जमिन हात पार्छन्, त्यसपछि तिनले धपक्कै बल्ने गर्मीमा काम गर्दै दिन बिताउँछन् । अनि तिनलाई पानी पिउने समय पनि हुँदैन ।" ●

# संविधानमा भूमि सुधार

| | |
|---|---|
| **नेपाल अधिराज्यको संविधान २०४७** | **भाग ३, मौलिक हक**<br>१७. सम्पत्तिको हक<br>(१) सबै नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br>(३) सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ । |
| **नेपालको अन्तरिम संविधान, २०६३** | **भाग ३, मौलिक हक**<br>१९. सम्पत्तिको हक<br>(१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।<br>(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।<br>तर अवैध ढङ्गले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन ।<br>(३) वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा क्षतिपूर्ति दिईनेछ । क्षतिपूर्ति र सोको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ । |
| **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति** | **मौलिक हकसम्बन्धी मस्यौदा :**<br>धारा १० सम्पत्तिसम्बन्धी हक:<br>(१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ ।<br>(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्ने छैन ।<br>(३) वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्वासीहरुलाई वितरण गर्न जमीन अधिग्रहण गर्दा वा उपधारा ३ बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।<br>*(समितिको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ बाट)* |
| **प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समिति** | **धारा २ : आर्थिक अधिकार : मौलिक हक :**<br>(५) सम्पत्तिको हक : (१) प्रत्येक नागरिकलाई प्रचलित कानुको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ । तर सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्दा कानुनबमोजिम उचित क्षतिपूर्ति दिइनेछ ।<br>(२) राज्यले वैज्ञानिक /क्रान्तिकारी भूमि सुधार कार्यक्रम लागु गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दीभन्दा बढी जमिन कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ ।<br>*(समितिको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ बाट)* |
| **विवाद समाधान उपसमितिले गरेको भनिएको सहमति** | (१) सम्पत्तिको सीमा नतोकिने ।<br>(२) भूमि सुधार र हदबन्दीसम्बन्धी व्यवस्था संविधानमा नभई कानुन निर्माणको क्रममा गर्ने । |
| **राष्ट्रिय भूमि अधिकार मञ्चको प्रस्ताव** | (१) देशमा उपलब्ध जमिनलगायत्का प्राकृतिक स्रोतमाथिको अन्तिम स्वामित्व राज्यमा हुने भनी उल्लेख हुनुपर्ने ।<br>(२) राज्यले जोताहामुखी भूमि सुधार गर्नुपर्ने, भूमि सुधार कार्यक्रम लागु गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदबन्दीभन्दा बढी जमिन कानुनबमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्ने प्रावधान हुनुपर्ने ।<br>(३) हदबन्दी भन्दा बढी जग्गाको क्षतिपूर्ति दिइनु नहुने । |

# समाचार, अनि पाठकपत्र र त्यसको प्रभाव

## १० पाथी कोदोले घर-खेत लग्यो

■ शाहीमान राई

भोजपुर- पत्याउनै मुस्किल पर्छ, १० पाथी कोदो तिर्न नसक्दा घर-खेत लिलाम ! मानेभन्ज्याङ-८ का ८८ वर्षीय ठोकबहादुर तामाङ परिवारले २२ वर्षअघि आफूसँग लिएको कोदोको सावाँ-ब्याज नबुझाएको भन्दै सोही गाविसका रामबहादुर खत्रीले घर-जग्गा लिलाम गरी आफ्नो बनाएका हुन् ।

दृष्टिविहीन तामाङ परिवार आफ्नो घर-खेत लिलाम भएको थाहा पाएपछि अत्तालिएका छन् । 'मुद्दा चलाई हामीलाई खबरै नगरी अदालतबाट एकपक्षीय फैसला गराएको रहेछ,' ठोकबहादुरका दृष्टिविहीन छोरा राजमानले भने, 'साहुले एक्कासि घरबारी र खेत छाड्न खबर पठाएपछि हामी चिन्तामा छौं ।' उनले पहिलेदेखि नै ऋण बुझाएर खेत उकास्न खोज्दा साहूले बेवास्ता गर्दै आएको गुनासो पनि गरे । जिल्ला अदालतमा वास्तविकता बुझ्न जाँदा मुद्दाको प्रतिवादी नथापेकाले एकपक्षीय फैसला गरी घरबारी र खेत खत्रीको नाममा भइसकेको जानकारी तामाङ परिवारलाई दिइएको थियो ।

ठोकबहादुरका अनुसार २०४६ सालमा उनले १० पाथी कोदो लिएका थिए । कोदोसँगै केही नगद पनि लिएकाले दुवैको सावाँ-ब्याज गरी ४ हजार रुपैयाँ तिर्नुपर्ने सर्त गराइएको थियो । भाकामा तिर्न नसकेपछि २०५० पुस ९ गते सावाँ-ब्याज र हर्जाना गरी दोब्बर ८ हजार रुपैयाँ कायम गरी घरबारी र खेत ब्याज धरौटीमा भोग चलन गर्न दिइएको थियो । तर सर्तनामाविपरीत २० हजार रुपैयाँ लिएको किर्ते तमसुक पेस गरी २०६० मा खत्रीले जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए । तामाङ र खत्रीबीच साक्षी रोहवरमा भएको सक्कली सर्तनामा पत्र अझै सुरक्षित छ ।



खत्रीले पेस गरेको किर्ते तमसुकका आधारमा अदालतले २०६५ मा एकपक्षीय मुद्दा फैसला गरेको पत्तै नपाएको तामाङ परिवारले दुःखेसो गरेको छ । 'गएको साउनमा एक्कासि घरबारी र खेत छाड्न खबर पठाएपछि मात्र थाहा पायौं,' राजमानले भने, 'तर खत्री अगाडि परेका छैनन्, भेटेरै कुरा गर्नु छ ।'

अदालतको फैसलापछि खत्रीले मालपोत कार्यालयबाट लालपुर्जासमेत आफ्नो नाममा बनाइसकेका छन् । कांग्रेसका जिल्ला सदस्यसमेत रहेका खत्री सदरमुकाममा लेखापढी गर्छन् । उनले कानुनबमोजिम तामाङको घर र जग्गा आफ्नो नाममा गरेको स्विकारे । 'ऋण तिरेनन्, बेवास्ता गरे, मुद्दा दिएँ, जितें' उनले भने, 'चलनचल्तीको मूल्य दिए, जग्गा फिर्ता गर्छु ।' तामाङको नाममा रहेको कित्ता नं २६ को घरबारी ९ रोपनी १२ आना २ पैसामध्ये ७ रोपनी र कित्ता नं ३८६ को खेतबारी ३ रोपनी ६ आना ३ पैसा गरी ११ रोपनी जग्गा आफ्नो नाममा गरेको खत्रीले बताए ।

बाँकी पृष्ठ १३ ▸▸

### कस्तो अन्याय ?

दस पाथी कोदोले घरखेत गुमेको समाचार पढ्दा आँसु नै झर्‍यो । भोजपुर मानेभञ्ज्याङका तामाङ परिवारको ११ रोपनी जग्गा जाली कागज बनाएर खोसिनु अन्यायपूर्ण छ । भन्नेले अर्काको खाएपछि नतिर्नेको जग्गा गुम्छ त भन्लान्, तर यो सुन्दै पनि अठारौं शताब्दीतिरको घटनाजस्तो लाग्छ । कति पीडा भएको होला, अहिले तामाङ परिवारलाई । नेपालमा धेरैले सुकुम्वासी समस्यालाई नकारात्मक रूपले लिने गरेका छन् । यो घटना कसरी व्यक्ति वा परिवार सुकुम्वासी बनाइन्छन् भन्ने बुझ्न पर्याप्त छ । यसले हाम्रो न्यायप्रणालीले कसरी अन्याय गरिरहेको छ भन्ने पनि प्रस्ट हुन्छ । सुकुम्वासी, भूमिहीन, हरुवाचरुवा, कम्लरी, कमैया बनाउने को हो भन्ने यो समाचारबाट छर्लङ्ग हुन्छ । रामबहादुर जस्ता सयौंले यो समस्या बढाइरहेका छन् । आफूलाई समाजवादी भनेर नथाक्ने नेपाली कांग्रेसका जिल्ला सदस्य रामबहादुर खत्रीले गरेको यो अन्याय र माओवादीले गरेको जग्गा कब्जामा केही फरक छैन । सबभन्दा बढी सम्पत्ति अधिकारको कुरा गर्ने कांग्रेस अलि घुमाएर गरिबको जग्गा खोस्छ । माओवादी हाकाहाकी । कांग्रेस आफू इमानदार छ भने यो जग्गा फिर्ता गर्न लगाएको समाचार सुन्न पाउँ ।



- ल्यामबहादुर दर्जी
पर्वत

### मूल्य बुझाइ पाउँ

लगभग सात दसकअघि नै लेखिएको महाकविको मुनामदनमा छन्दबद्ध गरिएको थियो, 'मानिस ठूलो दिलले हुन्छ' । त्यस्तै पर्वतका ल्यामबहादुर दर्जीले पाठकमञ्चमा पुरै देशका तर्फबाट भोजपुरमा दस पाथी कोदोका लागि ११ रोपनी घरखेत जफत भएको टिप्पणी कान्तिपुरको लेखलाई थप प्रकाश पार्नु राम्रो र सुखद मान्नैपर्छ ।

आगामी चुनावमा नेपाली कांग्रेस र माओबादी भोट माग्न जनतासामु जालान्, लुटिएको वा जालसाज गरिएका सबै सम्पत्ति फिर्ता नगरी जनतासामु जान भने त्यत्ति सम्भव छैन । रञ्जन कोइरालाजस्तो बन्दुकै लिएर हाकाहाकी जानु बेग्लै कुरो हो । न्याय र मानवअधिकार बोकेर जाने हिम्मत हुनुपर्‍यो । दर्जी महोदय लेख्नुहुन्छ, 'कांग्रेस अलि घुमाएर जग्गा खोस्छ, खुर्मानेलाई कालो बनाउन लगाएर निरक्षरलाई जथाभावी ल्याप्चे ठोकाउँछ तर माओवादी हाकाहाकी ।' समाधानका लागि भोजपुर मानेभञ्ज्याङका तामाङ परिवारको अदालतको फैसलाले, जायजाथ गरी निखनिएको भनिएको उक्त सबै सम्पत्ति बिनासर्त भोजपुरकै नेका सदस्यसमेत रहेका रामवहादुर खत्रीबाट फिर्ता गराउने कामका लागि सानेपा नेकाको मुख्य पदाधिकारीहरूलाई एक हप्ताभित्रै फिर्ता गराउन दुवैतर्फ झिकाई, डिल्लीबजार मापोकाबाटै बेजिल्ला पास गराइदिन, १० पाथी कोदोको दाम १०००० रूपैयाँको सिटिजन बैंकको मेरो चेक यसै लेखसाथ पठाउने काम भएको छ । सम्बन्धित सबै पक्षको आवश्यक सहयोगको अपेक्षा गर्छु ।



- ऋद्धिबहादुर कार्की
धरमपुर झापा, हाल काठमाडौं-३३

# आफ्नैमा बस्नुको मजा



■ गीता पण्डित

जिजल्ला भूमि अधिकार मञ्च बाँके र स्रोत संस्था सिएसडिआर बीचको सम्बन्धले तीतो अनुभव गरायो । ८ वर्षसम्म एउटै दाजुभाइ जसरी काम गरेको ठाउँमा एकले अर्कोलाई आक्षेप लगाउने चलन सुरु भएछ । उनीहरुले प्रयोग गर्ने वचनले चसक्क घोच्ने भएछ । आफूले गरेको गल्ती नदेख्ने तर अरुले गरेको गल्तीमात्र देख्ने रोगले पनि उनीहरु सताइएछन् । यस्तो प्रवृत्तिको बेफाइदा सिङ्गो समुदायले भोग्नुपर्ने चिन्ताले सतायो । यो समस्यालाई छिट्टै समाधान गरिएन भने समुदायमा निराशा आउन सक्छ ।

## आफ्नैमा बस्नुको मजा

अभियान नेपाल र सिएसडिआरको आफ्नै घरमा बसेर खाना पकाएर खाँदाको खुशी र आनन्द छुट्टै किसिमको भयो । स्वस्थ र मीठो अनि सफा खाना खाएर सफा ओछ्यानमा सुत्न पाउनुको मजा अर्कै हुँदोरहेछ । कहिल्यै निन्द्रा नलाग्ने पिर र चिन्ता भएन । आगामी दिनमा यस्तो भवन सबै स्रोत संस्था र केन्द्रले बनाउन सके...।

## गाडीदेखि गोठसम्म

राष्ट्रिय भूमि अधिकार मञ्चले चितवनको ठिमुरामा गाई पाल्न सुरुमात्र गरेको थियो । समाज कल्याण नेपाल (स्वान) को साझेदारी बैठक सकी हामी दाङदेखि बेलुका ८ बजे ठिमुरा आइपुग्यौं । गाडीबाट झोलासमेत नझिकी सरासर गाई गोठ हेर्न गइयो । दुई वटा लैना गाईले कम्दा खुशी गराएनन् । रातको १२ बजेसम्म राष्ट्रिय मञ्चको बैठक बसियो । आफ्नै गाईको दूधको चियाले दिनभरको थकाई मात्र मेटाएन, यतिखेरसम्मको निन्द्रा पनि बिर्सायो । राष्ट्रिय मञ्चले सुरु गरेको ठिमुराको क्रियाकलापले १२ वर्षअघिको सिन्धुपाल्चोक सम्झायो । जहाँ भूमि अधिकार आन्दोलन प्रसव पीडाका साथ यस धर्तीमा पदार्पण गरेको थियो । अनि लाग्यो- सबैले यस्तै रचनात्मक काम गरे मञ्चहरुको असामयिक निधन हुने थिएन । न कुपोषणकै शिकार हुनुपर्नेछ ।

## कमलरी खुशी, म भने दुःखी

काठमाडौंबाट दाङ जाँदा हाम्रो गाडीमा स्वानका अध्यक्ष कृष्ण चौधरीले कमलरीका लागि ४ बोरा ज्याकेट हालेर लग्नुभएको थियो । बेलुका अबेरसम्म ती कमलरी ज्याकेट कुन बेला आउला भनेर होस्टेलको चउरमा प्रतीक्षारत् थिए । अँध्यारोमा आगो तापेर बसेका उनीहरु हामी पुग्नासाथ यति खुशी भए कि गाडीमा चढेर धमाधम ज्याकेटका बोरा ओराल्न थाले । अनि हत्तपत्त रमाउँदै भित्र कोठामा लगेर राखे । जाडोका लागि प्राप्त एउटा सामान्य ज्याकेट देख्दा पनि यतिविध्न खुशी हुनुपर्ने उनीहरुको बाध्यताले मलाई भने दुःखी बनायो ।

## अमूल्य सद्भाव

काठमाडौंबाट जान ढिला भएकाले राति ९ बजेमात्र दाङ पुगियो । अभियानकर्ता सुनिल चौधरीले बच्चा पढाउनका लागि लिनुभएको कोठामा मिलेर बस्नुको विकल्प भएन । पकाएर राखिएको मीठो खानाले थकाई बिर्सायो । गजब त के थियो भने ११ दिनको यात्रामा हामीले कहिल्यै पनि होटलमा खाना खाएनौ र लजमा पनि सुतेनौं । आफैंले बोकेको बर्को र तन्ना थियो ।

ठाउँठाउँमा जिल्ला मञ्चको कार्यालय र स्रोत संस्थाको आफ्नै भवन भएकाले यसो गर्न सहज भयो । राति अबेरसम्म मञ्चसँगको बैठक गर्न पाउनु यसको राम्रो पक्ष थियो । चौधरी दम्पतीले हाम्रो आतिथ्यप्रति देखाएको सद्भाव शायदै हामी तिर्न सक्छौं । ●



# पाठकको पातो




## ● गरिबको पीडा बिसाउने थलो

धनुषा भरतपुरका चरुवा रञ्जित सदाको घटनाले मन छोयो। पढ्ने मन भए पनि गरिबीका कारण १० वर्षकै उमेरमा चरुवा राखिएका सदाले व्यक्त गरेका शब्दले उनको पीडा झल्काइरहेको छ। यसरी पीडा बोकेका मानिसका अभिव्यक्ति सङ्कलन गरी बाहिर ल्याउन यो बुलेटिन गरिबहरुको साथी बनेको महसुस भयो।

**- मीना भाट, अभियानकर्ता, डडेल्धुरा**

## ● आँट र सन्देश दियो

मैले भूमि अधिकार आन्दोलनका कही घटनाको विषयमा सुनेकी थिएँ। संयोगवश भूमि अधिकारसम्बन्धी लेखिएको पत्रिका पढ्ने मौका पाएँ। चुनौती नै चुनौती शीर्षकमा लेखिएको पढ्दा माधवप्रसाद ढकालको प्रयास सिक्न लायक लाग्यो। पीडित समुदायले विश्वास गर्न नसकेको र जमिनदारले जग्गाका कुरा गर्ने भनी गिज्याउने कामदेखि खुकुरी लिएर मारिदिने धम्की दिँदासमेत सङ्गठन बनाउन सफल भएको घटनाले हामी जस्ता सामाजिक क्षेत्रमा काम गर्न इच्छुक व्यक्तिहरुलाई आँट र निरन्तरको प्रयासले जितिन्छ भन्ने सन्देश दिएको छ।

**- सङ्गीताकुमारी भुल, पाटन-९, बैतडी**

## ● आचार व्यवहार पढ्दा

भूमि अधिकारमा छापिएको संगठन भित्रका आचार-व्यवहार भूमि अधिकार आन्दोलनमा मात्र नभएर परिवार, छिमेक, आफन्त, कार्यालय सबैतिर लागु गर्न सक्ने हो भने फलदायी हुन्छ। यस्तो व्यवहारवारे जुनसुकै तहका भएपनि छुट हुनुहुन्न।

भूमि अधिकार अभियानमा क्रियाशिल धेरै सदस्यहरु निरक्षर हुनुहुन्छ। उनिहरुलाई साक्षर सदस्यले बैठक वा भूमि सिकाई केन्द्रमा पत्रिका पढेर सुनाउने र छलफल गर्ने गर्न पाए असाध्यै राम्रो हुनेथियो।

पत्रिका सम्बन्धित केही केन्द्र र संस्थामा गएर वितरण नहुने गुनासो पनि आईरहेको छ। यो पनि व्यवहारसँगै जोडिएको विषय हो। सवारी लगबुक अपडेट नगर्नु, व्यक्तिगत काममा ज्यादा फोन गर्नु, बिधुत कटौतीको समयमा व्याकअप, जेनेरेटर जस्ता साधन सदुपयोगको हेक्का नराख्नु, साथीको कामको लोड थाहा पाउँदापाउँदै पनि सहयोग गर्न सक्नेले सहयोग नगर्नु आदि विषयलाई पनि आचार व्यवहार भित्र राखेर हेर्न सकिन्छ। पत्रिकाका ज्ञानबर्द्धक सामग्री पढेर मात्र हुदैंन। पढ्नेले व्यवहारमा पनि अपनाउदै जानु पर्छ।

**- सरिता लुईटेंल**

## ● खुशी लाग्यो

भूमि अधिकार बुलेटिन वर्ष १० पूर्णाङ्क २७, पुस २०६८ को चेपुवामा हरुवा चरुवा शीर्षकको लेख अध्ययन गरें। धनुषाका धनवीर सदा, सप्तरीका मौजे सदा र सिरहाका गौरी सदायमाथि साहू, महाजन, जमिनदारले गरेको अन्याय र शोषणको घटना उजागर भएको रहेछ। यो घटना उजागर भएकोमा मलाई साह्रै खुशी लाग्यो।

यो घटना बाँकेको वनकट्टी गाविस-५ वनकटवाका कोरी समुदायसँग मिल्दोरहेछ। बिरहे कोरीलगायत् ८ परिवार स्थानीय जमिनदारको घरमा २०१९/२० सालदेखि हरुवाचरुवा बसेका थिए। हरुवा बसेबापत कुनै किसिमको ज्याला पाएनन्। ज्यालाको बदलामा घर बनाएर बस्ने थोरै जमिन पाए। उक्त जमिनमा घर बनाएर बसेको ४० वर्ष भयो। तर बसोवासको कुनै प्रमाण छैन। २०५८ सालदेखि हरुवाचरुवा बस्न छाडेका छन्। हाल आएर जमिनदारले उनीहरुलाई उठाउने धम्की दिइरहेको छ।

यस बुलेटिनले भूमि अधिकारको क्षेत्रमा वैचारिक ज्ञान र महत्वपूर्ण सूचना दिनुका साथै भूमि अधिकारबाट वञ्चित, शोषित पीडितका घटना उजागर गरेर सङ्गठित हुन, आफ्नो अधिकार खोजी गर्न प्रोत्साहन गरेको छ। यो प्रक्रिया निरन्तर चलिरहोस्।

**- बनीलाल थारु, भूमि अधिकार अभियान, संयोजक, बाँके**

## ● बल्ल आयो मेरो पीडा

यो पत्रिका मेरो विषयमा लेखिएको हो। म यो कसैलाई दिने छैन। म यसको प्रचार गर्छु र सधैंका लागि आफुसँगैं राख्छु। हामी सुकम्वासीले पत्रिका देख्न नै पाएका थिएनौं। आज हाम्रै विषयमा लेखिएर आयो। यसले मलाई आन्दोलनमा जस्तोसुकै चुनौती आए पनि लडिरहने आँट दिएको छ।

**- धनीराम लुहार, अध्यक्ष, श्रीकोट भूमि अधिकार मञ्च, बैतडी**

## ● सिकाई केन्द्रको आकर्षण बन्यो

'समुदायमुखी समीक्षा अरुले पनि सिक्न सक्छन्' भन्ने शीर्षकमा टीकापुरको बाढीपीडित बस्तीमा भएको समीक्षाका विषयमा प्रशंसा गरी लेखिएको पढ्न पाउँदा खुशी लाग्यो। यो बुलेटिन भूमि सिकाई केन्द्रमा लगेर छलफल पनि चलाएँ। सहभागीले पनि खुशी व्यक्त गरे। हामीले पनि राम्रो काम गर्न सके पत्रिकामा आउँछ र हजारौंले पढ्न पाउँछन भनी एकतानगर भूमि सिकाई केन्द्रका सहभागीले भने। बुलेटिनको पछाडिको कभर पेजमा रहेको चित्रले भूमि अधिकार मञ्चले समुदायलाई कस्तो बनाउन खोजेको हो भन्ने सम्झाउन सजिलो भयो।

**- प्रकाश बिक, अभियानकर्ता, टीकापुर**

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउनेछन्। तपाईले पठाएको सामग्रींसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो।

पठाउने ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमिघर, धापासी, फोन नं. : ४३६०४८६, ४३५७००५
फ्याक्स : ४३५७०३३, पो.ब.नं. : १९७९०
ईमेल : landrights@csrcnepal.org

# आफ्नो जग्गा, आफ्नै घर, आफ्नो पौरख छैन डर



CSRC आत्मनिर्भर केन्द्र




मिलीजुली खेतीको काम, पूर्जामा पनि दुवैको नाम

CSRC
आत्मनिर्भर केन्द्र